# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमी

सडक बालबालिकाहरु घरवार विहिन बालबालिका हुन जो सडकका गल्लि गल्लिहरुमा बस्दछन (Abro ali , 2012) । जसको पालन पोषणमा तिनका अभिभावकहरुले ध्यान पुराएका हुदैनन् । सडक बालबालिकाहरुलाई यस प्रकारले पनि परिभाषित गर्न सकिन्छ जसले सडकका गल्लिहरुमा वाच्नका लागि दिनरात खटिएर जिवन चलाएका हुन्छन । जसमध्ये कसैका परिवार हुन्छन त कसैका हुदैनन । सडक बालबालिकाहरुलाई दुई भागमा विभाजन गर्न सकिन्छ :

१) ति बालबालिकाहरु जो दिनभरि सडकका गल्लिहरुका विताउछन र राति आफनो घर फर्कन्छन ।

२) ति बालबालिकाहरु जो दिन रात सडकमै विताउदछन, त्यसलाईनै आफनो घर मान्दछन र काम गर्न, खान, सुत्न, र साथिभाईसंग खेल्न सडककै सहारा लिन्छन ।

विश्वमा यस्ता प्रकारका पनि सडक बालबालिकाहरु भेटिएका छन जसलाई आफ्नो मातापिता को हुन भन्ने पनि थाहा छैन । आमा बाबुको माया, प्रेरणा, डर उनिहरुले देख्न पाएका हुदैनन् । विश्वमा यस्ता प्रकारका सडक बालबालिकाहरुको संख्या न्युन मात्रामा रहेको देखिन्छ । बाच्नका लागि बालबालिकाहरुले नसुहाउदो काम गर्नुपरेको छ । एक ठाउबाट अर्को ठाउमा भौतारिनु परेको छ । धेरै जस्ता सडक बालबालिकाहरु गाडि सफा गर्ने, पत्रपत्रिका बेच्ने, सडक सफा गर्ने, उमेर नपुग्दै गाडिमा संलग्न हुने र कोहि औधोगिक क्षेत्रमा समेत भेटिएका छन (Abro ali ,2012)।

सडक बालबालिकाहरु लाई पूर्ण रुपमा परिभाषित गर्न सकिदैन । सडक बालबालिकाहरुको अर्थ र परिभाषालाई विभिन्न राजनितिज्ञ, प्रयोगकर्ता, निति निर्माताहरु, शैक्षिक र साधारण जनता साथसाथै ब्यक्तिगत र सामुहिकको आफनै परिभाषा छन । सडक बालबालिकाहरु लाई प्राय जसो मापन गरिदैन नत जनगणना नै गरिन्छ । त्यस कारणले गर्दा तिनिहरुको वास्तविक संख्या नेपालमा भएको देखिदैन । विभिन्न संधसंस्थाहरुले स्थानिय क्षेत्रहरुबाट तथ्यांक संकलन गर्दछन (Tufail,2005)।

Muchinni (1994) का अनुसार सडक बालबालिकाहरुलाई दुई समुहमा वर्गिकरण गर्न सकिन्छ । ति हुन : “children on the streets”, “children of the street” Latin America मा सडक बालबालिकाहरुसंग गरिएको अनुभव बाट यसलाई दुई समुहमा विभाजित गरिएको थियो । जव अनुसन्धान कर्ताहरु बालबालिका को बारेमा वोल्छन उनिहरुले त्यस्ता बालबालिकाहरुलाई भन्न खोजेका हुन्छन जसले आफनो प्रयजसो समय सडकको वातावरणमा काम गर्दे विताउदछन । तिनिहरुको जिवनको मुख्य लक्ष भनेकै वासस्थान हो । ति मध्य कोहि विद्यालय जान्छन । धेरै जसो हरेक दिन काम पछि घर फर्कन्छन । प्राय जसो बालबालिकाहरु आफनो परिवारसितको सम्वन्धलाई कायम गरिराखेका हुन्छन ।

सडक बालबालिकाहरु ति हुन जसको पारिवारिक आर्थिक स्थिति कमजोर हुन्छ त्यसैले परिवारको निर्वाहको लागि वा पारिवारिक उत्तरदायित्व निभाउनको लागि शहरका सडकमा र बजारतिर काम गर्ने गर्दछन (Tacon,1985) । धेरैजसो सडक बालबालिकाहरुले आफुले कमाएको पैशा परिवारलाई पठाउदछन । कुनै घटना अनुसार ति सडक बालबालिकाहरु आफनो घर प्रवेश गर्न पाउदैनन जव सम्म उनिहरुले परिवारको आयस्रोतको कोटा पुरा गर्न सक्दैनन (Lusk,1989) ।

बालबालिका “of the street” भनेका ति बालबालिकाहरु हुन जसका लागि सडकनै घर बनेको छ । काम गर्न, खेल्न, हुर्कन प्राथमिक वातावरण वनेको छ । यि सडक बालबालिकाहरु न्युन संख्यामा रहेका हुन्छन र यिनिहरु समाजिकरण भन्दा वाहिर हुन्छन । तिनिहरु अप्ठयारो परिस्थितिमा पनि सकारात्मक रुपमा अनुकुल भएर उधमशिल कार्यतर्फ लागेका हुन्छन (Aptekar,1988) ।

बालबालिका भनेका कुनै पनि देशका महत्वपूर्ण सम्पति हुन । तिनिहरु भविष्यका नागरिक हुन । समाजको आवस्यकता पुरा गर्न जसरी बालबालिकाहरुलाई पोषित गरिएको हुन्छ त्यसमानै देशको भाग्य जोडिएको हुन्छ (Bhargava, 2003) ।

Maynew (1851) ले “London Labour and the london poor” नामक लेखमा street children नामक शव्दको प्रयोग गरेका थिए । तथापि यो संयुक्त राष्ट्र संघको बालबर्ष 1979 देखि सामान्य रुपमा प्रयोगमा आएको पाईन्छ । यस अघि सडक बालबालिकाहरुलाई घरबार विहिन, निष्कासन गरिएका र भगूवा भनेर चिनिन्थ्यो (Cited in Wakatama, 2007) ।

थपलिया (२०११) का अनुसार मानव अधिकारको दृष्टिकोणबाट हेर्दा त्यस्ता बालबालिका सडक बालबालिका होईनन् जसको परिवार छैन वा वास्तविक घर छैन वलकि त्यस्ता बालबालिका हुन जसमा सुरक्षा छैन, मार्गदर्शन साथसाथै चेतनशिल वा जिम्मेवारिक नागरिकको मार्गदर्शन छैन ।

Unicef (२००९) ले सडक बालबालिकाहरुलाई तिन भागमा विभाजन गरेको छ । पहिलो सडकमा एक्लै बस्ने दोस्रो सडकमा काम गर्ने र तेस्रो सडकमा परिवार सगं वस्ने । Unicef का अनुसार परिवार सगं बसेका बालबालिका त्यस्ता बालबालिकाहुन जो सडकमा आफना परिवार सगं जिवन निर्वाह गरिरहेका छन । सडकमा काम गर्ने बालबालिका त्यस्ता बालबालिकाहुन जस्ले आफनो धेरै महत्वपूर्ण समय विना उपलब्धि सडकमा काम गरेर ब्यतित गर्दछन । यि मध्ये सडकमा एक्लै वस्ने बालबालिकाको अवस्था दयनिय रहेको छ जो परिवारको माया, जिम्मेवारि वाट वञ्चित रहेका छन । जो सडकमा एकल जिवन विताउने गर्दछन । Unicef ले निकालेको डाटा अनुसार निम्नलिखित देशमा रहेका सडक बालबालिकाहरुको संख्या यसप्रकार देखाएको छ । केन्या, ईथियोपिया, जिम्बाबु, बंगलादेश, नेपाल, ईन्डियामा क्रमश २५००००, १५००००, १२०००, ४४५२२६, ३००००, ११०००००० सडक बालबालिकाहरु रहेको देखिन्छ । माथिको डाटा हेर्दा विकासोन्मुख देशहरु भन्दा विकशित देशहरुमा सडक बालबालिकाहरुको संख्या बढि रहेको देखिन्छ ।

विगतको एक दशकमा नेपालको धेरै शहरि क्षेत्रको जिवनस्तर बढेको छ तर विपरित ढंगबाट हेर्दा गरिव बालबालिकाहरु वाच्नका लागि सडकमा अत्यन्त परिश्रम गरिरहेका छन । शहरका गल्लिमा सुतेर बाचिरहेका छन वा जिवन गुजरा गरिरहेका छन (SAS, 2010)।

UN ले परिभाषित गर्दछ कि सडक बालबालिकाहरु त्यस्ता “केटा वा केटि” जसका लागि सडकका गल्लि नै विश्व हो तिनिहरुले सडकलाई नै आफ्नो वासस्थान मानेका छन जो चाहि कमै मात्रामा भएपनि सुरक्षित वा जेष्ठ नागरिक द्वारा मार्गदर्सित छन । Unicef (2009) ले सडक बालबालिकाहरुलाई यस प्रकारले छुटयाएको छ

१) बालबालिकाहरु सडकमा यस कारण काम गर्दछनकि उनिहरुको परिवारलाई वाच्नको लागि पैशाको आवस्यकता पर्दछ ।

२) बालबालिकाहरु गरिब परिवारबाट आएका हुन्छन जो सडकमै सुत्ने गर्दछन । केहि बालबालिकाहरु देशका विपन्न ठाउबाट आएका हुन्छन भने कोहि भागेर ।

३) गोध लिएका वा टुहुरो बालबालिका जसको परिवार विरामी वा दन्दको कारणले मृत्यु भएको छ र त्यस्ता बालबालिका जसको परिवारले पाल्न नसकि छोडेका छन (Benitez,2007)।

बाल अधिकार सम्वन्धि महासन्धि सन १९८९ को धारा १ अनुसार कुनै पनि देशको राष्ट्रिय अन्यथा तोकीयको वाहेक १८ वर्ष मुनिका सम्पुर्ण व्यक्तीलाई बालबालिका सम्झीनु पर्ने हुन्छ भनि लेखेको छ । विश्वमा करिव ८ करोड बालबालिकाहरु रहेका छन् । जसमध्ये २०% बालबालिकाहरु सडकमै जिवन विताउने गर्दछन् ।

विश्वमा बालबालिकाहरुको संख्या (०-१८) वर्षका २ अर्व भन्दा वढि छन् । लगभग ८७ % बालबालिकाहरु विकासोन्मुख देशमा रहेका देखिन्छन् । नेपालमा १६ वर्ष भित्रका ४३.९ % बालबालिकाहरु रहेका छन । जसमा ८५.८ % बालबालिका ग्रामिण क्षेत्रमा र १४.२ % बालबालिकाहरु सहरी क्षेत्रमा रहेको पाइन्छ ( सिविन,२०७१) ।

सडक बालबालिका भन्नाले सम्पुर्ण रुपमा सडकमा आश्रित बालबालिकालाई नै बुझ्नुपर्दछ । यिनिहरु सडक , पेटि, पौवा, मन्दिरमा रात विताउने र सडकलाई नै कार्यस्थल ठान्ने गर्दछन । नेपालमा सडक बालबालिका एक नयाँ समस्या हो । बालबालिका राम्रो हेरविचार नगरिएका, घरजग्गा नभएका, , परिवारमा भएपनि गुजरा नच्लने अवस्थाका, रोगी, अपहेलना भएका, दुर्घटनामा परी अंगभंग भएका, बाबु आमा नभएका या भए पनि अत्यन्त गरीब अवस्थामा भएका टुहुरो भएकाआदि कारणले वा सौतेनि आमाको दुर्व्यवहार सहन नसकि सडकमा आउदछन् । नेपालका विभिन्न जिल्लाहरुबाट वर्षनि कम्तीमा पनि २०० जना बालबालिकाहरु उपत्यकाका सडकमा आउने गरेको अनुमान छ ( सिविन,२०७२) ।

सन् १९८९ Nov २० मा संयुक्त राष्ट्र संघको महासभा द्वारा बालबालिकाको अधिकार सम्बन्धी घोषणापत्रमा बालबालिकालाई उस्को शारीरिक तथा मानसीक अपरिपक्कताको कारणले गर्दा विशेष हेरचाह र स्याहारको आवश्यकताका साथै उचित कानुनि संरक्षणको खाँचो जन्मनु अधि र जन्मेपछि पनि पर्छ भनी बालअधिकार सम्बन्धी महासन्धीले पारीत गरेको छ ।

बालअधिकार महासन्धीलाई नेपालले सन् १९९० मा नै अनुमोदन गरी नेपाल बाल अधिकारको पक्ष राष्ट्र बनिसकेको छ । विश्वका सवै देशहरुमा केही बाल बालिकाहरु अति कठिन अवस्थामा बाचेका हुन्छन् र ति बालबालिकाहरुलाई विशेष ध्यान दिनु पर्ने आवश्यकता छ भन्ने कुरालई सन् १९८६ DEC ३ महासभाको प्रस्तावना न ४१/८५ ले भनेको छ । बाल स्वास्थ र बाच्ने अधिकार, शिक्षा, संरक्षण वा सरसफाईको क्षेत्रका उपलब्धीहरु औषत रुपमा हेर्दा ग्रामीण क्षेत्रको तुलनामा शहरमा राम्रो हुने देखिएको छ । अधिकांश शहरीक्षेत्रमा बाल बालिकालाई व्यापक अवसर र अभाव दुइ साथ रहेको हुन्छ ।

नेपालको सन्दर्भमा हेर्दा सडकमा आश्रित  बालबालिकाहरु दुई किसिमका रहेका छन । पहिलो पुर्ण रुपमै सडकमै बस्ने, काम गर्ने र सुत्ने अनि दोस्रो मा सडकमा कमाईको लागी आउने तर बस्न र सुत्नको लागि आफ्ना अभिभावकहरु भएको ठाउँमा जाने ।

## १.२ समस्याको कथन

नेपालको शहरी क्षेत्रमा सडक बालबालिकाहरुको मुख्य समस्याको रुपमा सामाजिक–आर्थिक समस्या रहेको छ । नेपाल बालमजदुर सरोकार केन्द्र (२०४७) अनुसार नेपालमा ५–१४ बर्ष उमेर समुहका बालबालिकाहरुको संख्या ४.८ लाख रहेको छ जसमध्ये १,९८६ लाख बालबालिकाहरु आर्थिक कृयाकलापमा संलग्न रहेका छन । त्यसमा पनि विशेष गरेर कृषिमा संलग्न रहेका छन भने यि बालबालिकाहरु बिधालय जानबाट बञ्चित देखिन्छन । धेरै जसो बालबालिकाहरु जो आर्थिक कृयाकलापमा संलग्न छन उनिहरु बालश्रम जस्तो कृयाकलापमा रहेको देखिन्छ । धेरैजस्तो श्रमिक बालबालिकाहरु ग्रमिण क्षेत्रबाट उत्पादन भएको देखिन्छ जहाको मुख्य समस्याको रुपमा गरीबि देखिन्छ । गरीबिको रेखामुनि रहेका परिवारहरुले आफनो आर्थिक अवस्थामा सुधार ल्याउनको लागि आफ्ना बालबालिकाहरुलाई काममा लगाउने गर्दछन । जसले गर्दा बालबालिकाहरु पैसा कमाउन र सुखि जिवन जिउने आशामा शहरमा आउने गर्दछन र सडकमा आश्रित हुन पुग्दछन । सडकमा आईसकेपछि ति बालबालिकाहरु यौन शोषण, मगन्ते, फोहोर टिप्ने, तथा विभिन्न प्रकारका अपराधिक कार्यतर्फ धकेलिरहेका देखिन्छन । बालबालिकाहरुले घरपरिवार छोडनुमा विभिन्न कारण रहेका हुन्छन जस्तै गरिवि, घरेलु हिंसा, परिवारको मृत्यू, सौतेनि आमा बाबुको अपहेलना आदि रहेको देखिन्छ । परिवारमा रेखदेख गर्ने सदस्य नहुनु, अभिभावकहरुले रक्सि खाएर सारीरिक तथा मानसिक कष्ट दिने कारणले गर्दा पनि बालबालिकाहरु घरपरिवार छोडेर शहर पस्ने गर्दछन र सडकमा आउने गर्दछन ।

नेपालको शहरी ईलाकाहरुमा सडकमा आश्रित बालबालिकाहरुको संख्या कति छ भनेर किटान गर्न गाह्रो छ । १९८० को दशक बाट विभिन्न व्यक्ति तथा संध सस्थाहरुले सडक बालबालिकाहरुको लागि कार्य गर्न थालेको देखिन्छ । CWIN ले १९९० मा गरेको सर्वेक्षण अनुसार करिब ५०० जना बालबालिकाहरु सडकमा रहेको देखिन्छ तर त्यसको ५ बर्ष भित्रमा त्यसको संख्या तिन गुनाले बढेर १५०० मा पुगेको देखिन्छ (CWIN,1995) ।

देशको सामाजिक, आर्थिक, राजनितिक र सास्कृतिक कारण तथा गरिबि क्षेत्रिय असन्तुलनका साथै स्रोतका असमान वितरणका कारणले नागरिकहरुको जिवन निर्वाह जटिल वन्दै गईरहेको छ । यसको अलवा रोजगारी, अशिक्षा र घरेलु हिंसा जस्ता कारणले गर्दा पनि परिवार छाडेर बालबालिका सडकमा आउने र त्यहि वस्ने गरेको पाइएको छ । त्यसैगरी समाजमा व्याप्त विभिन्न कुरीति कुसस्कारले पनि परिवारका सदस्यहरुविच असहज सम्बन्धको स्थिती सिर्जना भई बालबालिका घर छाडेर हिडने प्रवृति वढदै गएको छ । देशमा १० वर्षसम्म चलेको शसस्त्र द्वन्द र राजनितिक स्थिरताको अप्रत्यक्ष असरको कारणबाट पनि कयौ बालबालिका सडकमा आएको अनुमान गर्न सकिन्छ ।

नेपालका विभिन्न सहरहरु काठमान्डौ, वुटवल पोखरा, नारायणगढ आदि ठाउमा प्रसस्त मात्रामा सडक बालबालिकाहरु रहेका पाईन्छन । नेपालको राजधानि काठमान्डौमा पनि बर्षेनि थुप्रै बालबालिकाहरु सडकमा आउनेगरेको देखिन्छ । काठमान्डौ उपत्यका भित्र ४०३ जना बालबालिका सडकमा आश्रित देखिएका छन ( सिविन २०७१) । उपत्यका भित्रका कलंकि, स्वयम्भु, बालाजु, हनुमानढोका, रत्नपार्क, बागबजार, पशुपति क्षेत्र आदि ठाउहरुमा बालबालिकाहरु बेबारिसे अवस्थामा रहेका छन । सडकमै खाने, सुत्ने, खेल्ने गर्दछन । परिवार, समाज र राज्यको सुरक्षा र संरक्षण नपाउदा यि बालबालिका विभिन्न कुलत र अपराधिक कार्यतर्फ अगाडि बढिरहको देख्न सकिन्छ । दिनप्रतिदिन सडक बालबालिकाको संख्या बढदै जाने र तिनिहरुले उचित संरक्षण र सुरक्षा नपाउने हो भने देशका लागि भोलि यो समस्याले धेरै विकराल रुप लिएर अगाडि बढने देखिन्छ । त्यसैले सडक बालबालिकाको विविध समस्याहरुलाई पहिचान गर्न खोजिएको छ । । प्रस्तुत अध्ययनले निम्न लिखित प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरेको छ

१) सडक बालबालिकाहरुको बर्तमान सामाजिक अवस्था के कस्तो छ ?

२) के कति कारणले बालबालिकाहरु सडकमा आश्रित हुनुपरेको छ ?

३) सडक बालबालिकाहरुले सडकमा के कस्ता समस्याहरु भोगिरहेका छन ?

## १.३ अध्ययनको उद्देश्यहरु

यस अध्ययनको उद्देश्य भनेको सडक बालबालिकाहरुको सामाजिक अवस्थाको अध्ययन गर्नु हो । यस अध्ययनको उद्देश्यलाई दुई भागमा विभाजित गरिएको छ ।

### १.३.१ सामान्य उद्देश्य

अध्ययनको सामान्य उद्देश्य भनेको सडक बालबालिकाहरुको सुचना संकलन गर्नु र तिनिहरुको समस्या र तिनिहरु जहा बस्दछन त्यहाको सुचना संकलन गर्नु रहेको छ ।

### १.३.२ विशिष्ट उद्देश्य

सामान्य उद्देश्य अलावा यसका विशिष्ट उद्देश्यहरु निम्न रहेका छन् ।

१) सडक बालबालिकाको सामाजिक अवस्थाको बारेमा जानकारी लिने ।

२) सडक बालबालिकाहरुले भोगिरहेका कठिनाईहरुका बारेमा जानकारी लिने ।

## १.४ अध्ययनको औचित्य

बालबालिका भनेका राष्ट्रका कर्णधार हुन । यस्ता विशेष बालबालिकाहरुलाई हामिले शारीरिक र मानसिक रुपमा अपहेलित गरेमा उनिहरु असामाजिक कृयाकलापमा संलग्न हुन सक्दछन । यस्ता बालबालिकाहरुलाई तिनिहरुको अधिकार र वढावालाई चोट पुराएर हामिले आफनो राष्ट्रको विकाश र मानवतालाई रोकेका छौ । अहिलेको अवस्थामा सडक बालबालिकाको संख्या निरन्तर रुपमा बढिरहेको छ (Benitez, 2011)।

यस्तो प्रकारको अवस्थाको हामिले नज्दिकि सोच, विचार र अनुसन्धान गर्नुपर्दछ । विश्वमा रहेका यस्ता लाखौ बालबालिकाहरु भेदभाव,शोषण र दुर्व्यवहारमा परेका छन । बढि जसो सिमान्तिकृत बालबालिकाहरु जस्को मानवअधिकारको दुरुपयोग भएको छ त्यस्ता बालबालिकाहरुलाई समाज र देशको उन्नतिको लागि पूर्ण रुपमा सुरक्षा, सारीरिक, मानसिक, चेतनशिल र सामाजिक रुपले सबल बनाउनु पर्दछ । विश्व भरि १००० देखि १५०० लाख सडक बालबालिकाहरु छन जो चाहि अझैपनि बढदो क्रममा रहेको देखिन्छ ।

सडक बालबालिका भनेका अहिलेको अवस्थामा वास्तबमै एउटा विश्वब्यापि विषय बनेको छ । भएतापनि नेपालमा चाहि यसको अवस्था कष्टकर देखिएको छ । बालबालिकाहरुले समाजिक, स्वास्थ्य तथा मानसिक रुपमा ठुलो समस्या भोग्नु परेको छ (Anwar,2002)।

१० वर्ष सशस्त्र आन्दोलन र गरीविको कारणबाट दुर्गम क्षेत्र तथा पहाड गाँउघरबाट कामको खोजिमा आएका बालबालिकाहरु धेरैजसो सडक बालबालिकाको रुपमा परिणत भएका छन् । जो सामाजिक तिरष्कारको पात्र पनि बन्न पुगेका छन् र भविष्य उनीहरुको अन्धकारमय भएको छ । उनीहरुलाई यी सबै प्रकारको, संकटबाट उठाएर उनीहरुलाई अरु बालबालिका समान जिवनयापन गराउन र अवसरहरु दिलाउनको व्यक्ति, समाज तथा राष्ट्रको ठूलो भूमिका रहन्छ । यि प्रत्येक तहबाट सामूहिक प्रयास गरेमा यो समस्या हल हुन सक्छ भोलीको संसारको भविष्य उज्जवल हुन सक्छ ।

यस प्रकारले सडक बालबालिकाहरको समस्या देखिनुको पछाडि “Push” and “pull” क्षेत्रमा साररसित गरिएको छ । सडक बालबालिकाहरुको अध्ययन गर्नुको औचित्य तथ्यांक संकलन गर्नुमात्र नभई त्यसको जरै देखिको कारण पत्ता लगाई यस पछाडिका हातहरुलाई अध्ययन गरि त्यसलाई जरैबाट हटाउनु र बालबालिकाको उज्जल भविष्य बनाउनु हो ।

सडक बालबालिकाको बारेमा गरिने अध्ययन एक आफैमा महत्वपुर्ण छ । यस अध्ययनको महत्वलाई निम्न बुदा बाट पनि प्रस्टयाउन सकिन्छ :

१) यस अध्ययन बाट सडक बालबालिकाको समस्याहरुलाई ल्याईनेछ जसले गर्दा बालबालिकाका सम्बन्धमा कार्य गर्ने बिभिन्न ब्यक्ति, संघसंस्था, योजनाकार आदि लाई सहयोग मिल्नेछ ।

२) सडक बालबालिकाहरुको सम्बन्धमा निति नियम तथा योजनाहरु निर्माण गर्न निति निमार्ण योजना विदहरुलाई ठूलो सहयोग पुऱ्याउनेछ ।

३) भबिष्यमा यस क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने व्यक्तिहरुका लागि यो अध्ययन एक सहयोगी हुनेछ ।

४. सडक बालबालिकाहरुको जिवन सुधार गरि उनीहरुलाई, उनीहरुले पाउने सम्पूर्ण अवसरहरु उपलब्ध गराएर भोलिको योग्य जनशक्तिको रुपमा परिणत गराउन सकिन्छ । जस्ले गर्दा उनीहरुले भविष्यमा राष्ट्र निमार्णका काममा महत्वपूर्ण भूमिका निभाउन सक्ने छन् ।

## १.५ अध्ययनको संगठन

यस अध्ययनलाई ५ भागमा विभाजित गरिएको छ । अध्याय एकमा सडक बालबालिकाहरुको सामान्य परिचय, समस्याको कथन, उद्देश्यहरु, औचित्य र अध्ययनको संगठन रहेको छ । अध्याय दुईमा सडक बालबालिकाहरुको साहित्य समीक्षा गरिएको छ । अध्याय तीनमा अनुसन्धान विधिसंग सम्बन्धीत विषय बस्तु, अध्ययनको क्षेत्र र छनौटको औचित्य, अनुसन्धान ढाचाँ, तथ्याङ्कको प्रकृति, तथ्याङ्क संकलन विधि, तथ्याङ्कको विश्लेषण र  प्रस्तुतिकरण र अध्ययनको सिमाहरु समाबेश गरिएको छ । अध्याय चारमा तथ्यांकको व्याख्या र विश्लेषण रहेको छ। अन्तमा ५ मा सारांश तथा निष्कर्ष रहेको छ।

# अध्याय दुई

# पूर्व साहित्यको समीक्षा

सडक बालबालिकाको बारेमा विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरु तथा अनुसन्धानकर्ताहरुले अध्ययन अनुसन्धान गरिरहेको पाईन्छ । सडक बालबालिकाहरुको विभिन्न पक्षहरुलाई लिएर अनुसन्धान कार्य गरिदै आएको भएपनि उनिहरुको सामाजिक पक्ष वा अवस्थाका बारेमा अध्ययन अनुसन्धान गर्न र अझ उनिहरुलाई सामाजिक रुपबाट बुझ्न यो अनुसन्धान कार्य गर्न लागिएको हो । सडक बालबालिकाका सम्वन्धित  अध्ययनको पुनरावलोकनलाई यस अध्यायमा छोटकरीमा चर्चा गरिन्छ ।

## २.१ अन्तराष्ट्रिय अध्ययन

**ADB (2003)** को अध्ययनले कमजोर समुहका सडक बालबालिकाहरुका समस्याहरुलाई Asian Development Bank बाट गर्न सकिने कामलाई प्रस्तुत गर्दछ । दोस्रो पृष्ठभुमिमा बालबालिकाहरु विना हिच्कीचाई सडकमा सुतेको दृष्य र Kofi- Anan former secretary General, United *Nations* को केहि शब्द "बालबालिकाको भलाई भन्दा बढि एकिकृत आवश्यकता अथवा सर्वब्यापी अरु कुनै मुद्दा छैन, बालबालिकाको भलाई भन्दा ठुलो कुनै मुद्दा हुदैन" लाई विश्लेषण गरेको छ ।

यस अध्ययनमा Bank को उद्दश्य लाई यस प्रकारले दर्साइएको छ कि Asian Development Bank ले आफ्ना सदस्य राष्ट्रको समाज विकासको कार्यक्रमहरुलाई सञ्चालन गरेर मानिसहरुलाई उच्च स्तरमा राख्ने र समाजका कमजोर क्षेत्रहरु लाई शसक्त गरेर विभिन्न अवसर र सम्पतिको बढावा गर्ने प्रतिबद्ध गरेको छ । यस अध्ययनबाट सडक बालबालिकाहरुको संख्यालाई विभिन्न योजना प्रयोजनाद्धारा घटाउन सकिने छ ।

सडक बालबालिकाहरुलाई परिभाषा गर्दा अध्ययनले के भनेको छ भने सडक बालबालिका भनेका एक विविध समुह हो । निश्चित रुपमा सडक बालबालिकाको अर्थ बहस को रुपमा रहेको छ । तर केन्द्रिय अध्ययन्द्धारा यसलाई क्षेत्र विहिन अर्थ दिएको छ । जसको अर्थ सडकमा सुत्ने, सडकमा काम गर्ने र सडकलाई नै आफ्नो बासस्थान मान्ने ।

सडक बालबालिकाहरु संग सम्विन्धित अध्ययनले के पत्ता लगाउदछ भने वढि जसो सडक बालबालिकाहरु आफ्नो दैनिक छाक टार्नका निमित्त विभिन्न प्रकारका कामहरुमा संलग्न भएको देखिन्छ । सडक बालबालिकाहरु फोहोर उठाउने, जुत्ता चम्काउने, सवारी साधन सफा गर्ने, फुलमाला बेच्ने देखि लिएर आफुलाई अत्यन्त दयनीय अवस्थामा पुराउने जस्ता काम गर्दछन । यतिमात्र नभई चोरी, डकैति, भिखमाग्ने काम गरि वयस्क मान्छे बाट अपहेलित सम्म हुन्छन ।

यस अध्ययनले सडक बालबालिकाहरको विभिन्न अवस्थाको दृष्यहरुलाई ब्यापकरुपमा विश्लेषण गरेको छ । सडक बालबालिकाहरुको शिक्षाका विभिन्न औपचारिक र अनौपचारिक शिक्षा निति, ब्याबसायिक तालिम, जिवन शैलि र शुक्ष्म वित्तिय रुपमा सडक बालबालिकाहरुको परिवारलाई सहयोग गर्ने गरि समस्याको पुनर्वास र पुनकिकृत गर्न आवश्यकता छ ।

**Aptekar, (2000**) मा सडक बालबालिकाहरुलाई लिएर गरेको अध्ययनले छ ओटा भाग ओगटेको छ । पहिलो भागले सडक बालबालिकाहरुको कृयाकलापहरुको परिचय दिएको छ । दोस्रो भागले सडक बालबालिकाहरुको परिभाषा दिएको छ । तेस्रो भागले सडक बालबालिकाहरुको परिवार सम्वन्धि छलफल गर्ने अवसर दिएको छ । चौथो भागले विकसित र विकासोन्मुख राष्ट्रहरुको सम्बन्धलाई दर्साएको छ । पाचौ भागले सडक बालबालिका सम्वन्धि सार्बजनिक जनताको धारणालाई झल्काएको छ । छैटो भागले सडक बालबालिकाको दयनिय अवस्थाको पछाडिका हातहरुलाई जरैदेखि हटाउन विभिन्न प्रकारका सल्लाह, सुझाब र निति नियम प्रदान गरेको छ ।

यो अध्ययनले सडक बालबालिकाहरुको कृयाकलापलाई विश्वब्यापि समस्याको रुपमा परिभाषित गरेको छ । र त्यस संग सम्वन्धित विभिन्न क्षेत्रहरुलाई ठुलो मात्रा बाट छलफल गरेको छ । यस अध्ययनले सडक बालबालिका भनेका पारिवारिक हिंसा र पारिवारिक गरीवि को तत्व बन्न पुगेका छन । यस अध्ययनले सडक बालबालिका र बालमजदुर बिचको सम्बन्धलाई देखाएको छ । यस अलावा विकसित र विकासोन्मुख राष्ट्रमा रहेका सडक बालबालिकाको कृयाकलाप लाई दर्साएको छ । जस्तै : विकसित देशका बालबालिकाहरु गरीविका कारण पनि सडकमा आउदैनन् जसरि विकासोन्मुख देशका बालबालिकाहरु आउदछन ।

यस अध्ययनले सडक बालबालिका सम्वन्धि Unicef द्वारा दिएको परिभाषा लाई छलफल गर्दछ । Unicef ले दिएको परिभाषा अनुसार सडक बालबालिका भनेका गरिब परिवारबाट आएका बालबालिकाहरु हुन । यस अध्ययनले यस परिभाषाको विरोध गर्दछ । यस अध्ययनले बालबालिकाहरु परिवारबाट सडकमा आउन सक्दछन तर यो तिनिहरुको परिवार भित्रको प्रतिकृया, सडकको वातावरण र त्यहाको साथिहरुमा भर पर्दछ । यस अध्ययनले सडक बालबालिकाहरुले जिवन बाच्नका लागि अपनाउने रणनितिहरुलाई पनि बिश्लेषण गर्दछ । यस अध्ययनले सैदान्तिक भन्दा ब्याबाहारिक रुपमा काम गर्दा सडक बालबालिकाहरुको समस्या समाधान हुन सक्ने बताउदछ ।

यस अध्ययनले प्रत्यक देश र ईलाकाको सास्कृतिक असर, विश्वास र बालबालिकाको मानसिक कृयाकलाप वारे सुझाब दिन्छ साथसाथै समाज गरीबि र विकृतिमा ग्रसित नहुन सल्लाह दिएको छ ।

**UNESCO (2007)** को अध्ययनले United Nations Chapter UNISCO को पर्यवेक्षणमा प्रकाशन गरि सडक बालबालिकामाथि कार्य गर्ने हितविधारकलाई उपर्युक्त स्रोतसाधन प्रदान गर्नु यसको उद्देश्य हो । यस अध्ययनको लागि नेपाल, पाकिस्तान, ईन्डोनेसिया र फिलिपिन्स जस्ता चार ओटा देशहरुलाई विषय सुचि कार्यका लागि छनौट गरिएको छ । यस अध्ययनमा चार भाग पर्दछन । १) देशको घटना अध्ययन २) निति प्रतिवेदन मंच ३) सडक बालबालिका संगको दिगो राष्ट्रिय सञ्चारको गठनका निमित्त सुचना ४) तालिमका सामाग्रि र क्षेत्रिय तालिम कार्यसालाको प्रतिबेदन र शिक्षाविदका लागि तालिम लगाएत आवश्यक चार्टको विश्लेषण ।

सडक बालबालिकाहरुको अवस्थालाई विश्लेषण गर्दा यस अध्ययनले के भन्दछ भने सडकमा बस्ने बालबालिकाहरु सडकमा काम गर्ने बालबालिकाहरु भन्दा कम छन । बढि जसो बालबालिकाहरु विद्यालय जाने उमेरमा पारिवारिक सहयोगका निमित्त सडकमा पैसा कमाउन जान्छन । अध्ययनले ५–९ वर्ष उमेरका बालबालिकाहरु जुन १० मध्ये ३ जना त्यस्ता बालबालिका छन जो विद्यालय नगएर सडकमा पैसा कमाउने काममा संलग्न छन ।

सडक बालबालिका र शैक्षिक प्रणालिलाई फोकस गर्दा अध्ययनले के भनेको छ भने गरिबि, जनचेतनाको कमि, दयनिय शिक्षा प्रणालि र वातावरणले गर्दा बालबालिकाहरुलाई शिक्षा बाट वञ्चित गरिएको छ । यस

अलावा नियम विरुद्ध जाने र विभिन्न रासायनिक वस्तुको सेवन गर्नाले सडक बालबालिकाहरु असामाजिक कृयाकलापमा संलग्न भई शिक्षा प्रति आकर्षित नभएको देखिन्छ ।

अध्ययन अनुसार सडक बालबालिकाहरु उच्च जोखिममा रहेका छन र तिनिहरु औपचारिक तथा अनौपचारिक शिक्षा बाट वञ्चित छन । यसले यो सुझाब दिन्छ कि विशिष्ट उपायको परिचय जस्तै अनुदानको प्रवधान, छात्रवृति, वैकल्पिक शिक्षा, व्यवसायिक तालिमहरुले सडक बालबालिकाहरु र अरु जवान मान्छेहरुलाई शिक्षा प्राप्त गर्ने अवसर दिन्छ ।

यो अध्ययनले यो सिफारिस गर्दछ कि सडक बालबालिकाहरुलाई अनौपचारिक शिक्षाका लागि गरिने योजनामा समाबेस गरिनु पर्दछ । सडक बालबालिकाको शिक्षाको प्रावधानलाई संवेदनशिल बनाउन सडक बालबालिकाका निमित्त काम गर्ने एन.जि.ओ. नेटओर्क बनाउनु पर्दछ । सडक बालबालिकाहरु लाई “सबैका लागि शिक्षा” मा जोडनुनै UN Millennium Development को एउटा लक्ष हो ।

**Rizzini (1995)** Latin America का सडक बालबालिकाहरुको अवस्थालाई विश्लेषण गर्दा यो अध्ययनलाई सात भागमा सडक बालबालिकाको विभिन्न कृयाकलाप र सिद्धान्तका आधारमा छुटयाईएको छ । यो अध्ययनले वढि जस्ता सडक बालबालिकाहरु परिवारको आवश्यकताको लागि सडकमा काम गर्दछन किनभने तिनिहरु अत्यन्त गरिब अवस्थामा रहेका हुन्छन । कोहि भने आफै वा परिवारको प्रेसर वा शिक्षाका निमित्त खर्च टार्नका लागि सडकमा काम गर्दछन ।

यहा बढिजस्ता सडक बालबालिकाहरु केटा हुन्छन र केटिहरु पनि केटाहरु संगै मिलेर काम गर्ने गर्दछन । यस अध्ययनले के पत्ता लगाएको छ भने ५०% सडक बालबालिकाका परिवारमा एक मात्र आमा हुन्छन भने ३४% सडक बालबालिकाका परिवारमा दुईओटा आमा ( सौतेनि आमा सहित ) हुन्छन । साथसाथै यस अध्ययनले सडक बालबालिकाहरु सडकका गल्लि गल्लिहरुमा असहज र खतरनाक जिवन वाचिरहेका देखाउदछ । सडक बालबालिकाहरु सडकमा काम गर्ने, जुत्ता चम्काउने, भिख माग्ने, गाडिमा गित गाउने गरेर दैनिकि छाक टार्ने गर्दछन ।

अध्ययनले Latin America का सडक बालबालिकाहरुको समस्यालाई चार भागमा विभाजित गरेको छ : दण्ड रणनिति, सडक बालबालिकाहरुको पुनस्थापित दृष्टिकोण गर्न दबाब गर्नु, रणनितिमा नविन बैकल्पिक,

आर्थिक समस्याको पहिचान र निवारक । अन्त्यमा अध्ययनले सडक बालबालिकाको परिवारमा आर्थिक अवसरको अभाव भएमा तिनिहरुको समस्याा समाधान हुन मुस्किल हुने निचोड दिन्छ ।

**UNESCO (2006)** को अध्ययनले HIV & AIDS र सडक बालबालिकाहरु विचको सम्बन्धलाई गहिरिएर हेर्दछ । अध्ययन अनुसार सडक बालबालिकाहरुका जिवन शैलिलाई यि रोगहरुले गम्भिरताका साथ कमजोर पार्दछ । यो अध्ययनलाई सडक बालबालिकाको परिभाषा, HIV & AIDS का सामाग्रिका लागि हस्तक्षेप, सुगम प्रोफाईल, प्राविधिक हस्तक्षेप र सुचकहरुमा विभाजन गरिएको छ । यस अध्ययनमा HIV & AIDS जस्ता रोगहरु बाट बच्नका लागि यान्त्रिक हस्तक्षेपको सम्बन्धित सारमा उल्लेख गरेको छ ।

यो अध्ययनले यो भन्दछ कि सडक बालबालिकाहरु सम्बन्धि काम गर्नका लागि यो एउटा औजार जस्तै हो । यसले तिन ओटा घटकहरु ओगटेको छ : अनुभव राख्नु, गोष्ठिको आदनप्रदान गर्नु र समुह कार्य बनाउनु । यस अध्ययनले सडक बालबालिकामाथि काम गर्दा सडक बालबालिका र HIV & AIDS का कृयाकलापमा केहि असमझदारि रहेको बताउदछ ।

यस अध्ययनले विभिन्न महादेशहरुमा HIV & AIDS का वारेमा विचार, यो कसरि सर्दछ, आफुलाई यसबाट कसरि बचाउने र यो सन्चो हुने नहुनेका बारेमा जानकारि दिन्छ । यस अध्ययनले सडक बालबालिकाहरुको बारेमा तिन ओटा आधारभुत अवस्थाको बारेमा विश्लेषण गर्दछ ति हुन : सडक बालबालिका र HIV & AIDS को बारेमा सुचना, सडक बालबालिका र लागु औषधको बारेमा सुचना र सडक बालबालिकाको सुरक्षाको बारेमा सुचना ।

भारतको UNESCO द्धारा सडकमा कार्य गर्ने बालबालिकालाई दिईने शिक्षाको बिधिहरुको वर्णन गरेको छ । सडक बालबालिकालाई चालु बस मार्फत शिक्षा दिने, सहरका चोकहरुमा भेला गराएर पढाउने गरेको पाईन्छ । साथै सडक बालबालिकाहरुलाई सिपमुलक कार्यहरु सिकाएको पाईन्छ ।

UNICEF ले प्रत्यक बिकास क्षेत्रका सडक बालबालिकाहरुलाई अलग अलग रुपमा छुट्याएर अध्ययन गरेको छ । Lewis Aptcker ले Columbia का मध्यम बर्गका मानिसहरु र सडक बालबालिकाहरु बिचको

सम्बन्धको व्याख्या गरेकी छिन । सडक बालबालिकाहरुलाई मानिसहरुले आफ्नो फाईदाका लागि प्रयोग गर्ने गरेको तथ्य प्रकाशित गरेकी छिन् ।

UNICEF(1996) ले बालश्रमलाई सात भागमा विभाजित गरेको छ जुन विश्वको सबै ठाउमा समान प्रकारको रहेको देखिन्छ । जसलाई यसप्रकार देखाईएको छ ।

१) घरेलु काममा लगाईएका

२) औधोगिक श्रम

३) परिवारको लागि काम गर्ने

४) बालिका कामदार

५) व्यापारिक यौन शोषण

६) कृषि कामदार

७) बन्धक बनाईएका

## २.२ राष्ट्रिय अध्ययन

प्रधान (1990) ले आफनो लेखमा धेरै बालबालिकाहरु सहरी जिवनतर्फ आकर्षित भएको कुरा उल्लेख गरेका छन । उनले सडक बालबालिकाहरुको संख्यामा वृदि हुनुको मुख्य कारकका रुपमा पारिवारिक तिरष्कार, विशेसगरि सौतेनि परिवार, मध्यपान सेवन गर्ने परिवार र कमजोर आर्थिक अवस्थालाई प्रमुख रुपमा औल्याएका छन । जसको कारण बालबालिकाहरु उच्च आशाका साथ सडक तर्फ आकर्षित भएको पाईन्छ ।

वानिया (2010) का अनुसार नेपालमा सडक बालबालिकाहरु सडकमा ड्रग्स लिईरहेका देखिन्छन । बिना उद्देश्य सडकमा सुतिरहेका देखिन्छन । उनिहरु १५ बर्ष भन्दा कम उमेरका हुन्छन जो सदैब समुहमा रहने

गर्दछन । यदि सडकमा नदेखिएमा सडकमा सुतिरहेको अवस्थामा देखिन्छन । ति बालबालिकाहरु मध्ये धेरै जसो सडक बालबालिकाहरुले ग्रामिण समाजलाई प्रतिनिधित्व गरेका हुन्छन । धेरै जसो सडक बालबालिकाहरु गाउमा रहेको घरेलु हिंसाबाट पिडित भई सडकमा आएको देखिन्छ । पारिवारिक समस्या, शिक्षा, खाना, सुरक्षा तथा गरिबिका कारणले उनिहरु काठमान्डौ लगाएत अन्य सहरि ईलाकाहरुलाई आफनो आश्रयका रुपमा लिएका हुन्छन । बालबालिकाहरु सडकमा आउनुको मुख्य कारकका रुपमा पारिवारिक वेवास्था, घृणा वा तिरष्कार, पारिवारिक दन्द, काम गर्ने ठाउँमा मनमुटाव र विकसित बसाई सराईमा आएको वृदिलाई लिन सकिन्छ ।

थपलिया (2011) ले swin मा यो उल्लेख गरेका छन कि प्रतेक बर्ष काठमान्डौ उपत्यकामा ५०० भन्दा बढि सडक बालबालिकाहरुको संख्यामा वृदि हुदै गईरहेको छ । जुन नेपालका विभिन्न जिल्लाहरु जस्तै नुवाकोट, धादिङ्ग, मकवानपुर, दोलखा आदि जिल्लाहरुबाट आएका देखिन्छन । स्तरिय जिवनका लागि कलिला बालबालिकाहरु नेपालका विभिन्न शहरहरुमा भौतारि रहेका छन यसको मुख्य कारकका रुपमा बहुपक्षिय, सामाजिक, आर्थिक तथा राजनितिक जस्ता कारणहरु देखिन्छन ।

ILO/IPEC(1995) अनुसार बालश्रम बिकसित देशहरुमा प्रमुख समस्याका रुपमा देखापरेको छ । यसले नेपालमा बालश्रमको अवस्था द्रुत गतिमा खराब हुदै गईरहेको अवस्थालाई ईकिंत गरेको छ र यसो हुनुमा बालबालिकाहरुको पहाड देखि तराई र गाउ देखि शहर सम्मको स्थानतरणलाई प्रमुख कारण मानेको छ । कार्पेट उद्योगहरुमा बालश्रम, बालिका यौन शोषण र मानब बेचबिखनका बिरुद्ध सामाजिक सचेतनामा बृदि गर्नु विश्वव्यापि रुपमा दवावको रुपमा देखिएको छ ।

बालबालिकाहरु विस्थापित भई सडकमा आउनाको मुख्य कारकका रुपमा पारिवारिक द्धन्द, अरुको लहैलहैमा लागेर, पारिवारिक आर्थिक अवस्था, पारिवारिक अपहेलना, झगडा तथा द्धन्दबाट विस्थापित भई तथा विभिन्न अवसर हरुको खोजिमा रुपमा आएको देखिन्छ । काठमान्डौ उपत्यकामा रहेका सडक बालबालिकाहरु घरवारविहिन हुनुमा आर्थिक पक्ष, पारिवारिक दन्द, अरुको लहैलहैमा परेर, अरुको प्रलोभनमा परेर जस्ता प्रमुख कारणहरु समस्याका रुपमा रहेका देखिन्छन । त्यसैगरि काठमान्डौ उपत्यकामा धेरै जसो सडक बालबालिकाहरु नेपालि पुरुषहरु बाट यौन शोषणमा परेको देखिन्छ भने त्यसपछि पर्यटकहरु, नेपालि महिलाका साथै तेस्रो लिंगिहरुबाट उनिहरु अशुरक्षित भएको देखिन्छन (CWIN,2010) ।

नेपालमा करिब ५००० सडक बालबालिकाहरु रहेको अनुमान छ । जसमध्ये काठमान्डौमा मात्र १२०० - १५०० को आसपासमा सडक बालबालिकाहरु रहेको देखिन्छ । कुल सडक बालबालिकाहरु मध्ये १५% बालबालिकाहरु पुर्वि तराईका जिल्ला सुनसरिबाट आएका देखिन्छन् । उपत्यकाका अधिकांस सडक बालबालिकाहरुले रातिमा माग्नेका रुपमा काम गर्ने, गाजा खाने, टिपेक्स सुघने र केहि ग्याङ्गको रुपमा काम गर्ने गरेको देखिन्छ । नेपालमा रहेका सडक बालबालिकाहरु मध्ये १५% विद्यालयनै नगएका, ९% जति अक्षर चिन्ने र ४०% प्रा.वि. शिक्षा हासिल गरेका देखिन्छन । समग्रमा ६०% भन्दा बढि सडक बालबालिकाहरु पढनलेख्न सक्ने वा साक्षर देखिन्छन (CPCS,2012)।

सडक बालबालिकाहरु खुल्ला आकास मुनि परिवारको सहयोग बिना सडकमै जिउने, सुत्ने र काम गरि उनिहरु आफनो जिबिका सञ्चालन गर्ने गरेका छन । उनिहरु आफना साथिहरु संग रहेर खलासि, मगन्ते, पलाष्टिकका झोला टिप्ने, पत्रपत्रिका बेच्ने, भाडा माझने, पानि बोक्ने तथा भवन निर्माणमा श्रम गर्ने काम गरिरहेका छन । यदि हुदाहुदै पनि उनिहरुले भोकमारि, वासस्थान, लुगाफाटा जस्ता कुराहरुमा समस्या भोग्दै आईरहेका छन । यति मात्र नभएर उनिहरुले शुरक्षाकर्मि, दादा र अन्य ग्याङ्गहरुबाट समेत समस्या भोगिरहेका देखिन्छन । जसले गर्दा उनिहरुलाई चिन्ता तथा जिवन जिउने सकसपुर्ण वातावरण सृजना भएको देखिन्छ । सडकमा रहदा उनिहरुले विभिन्न किसिमका चुनौतिहरुको सामना गरिरहेका हुन्छन । जस्तै ड्रग्स तथा विभिन्न अत्यावस्यक वस्तुहरुको आदानप्रदानमा HIV जस्ता रोगहरुबाट पिडित हुनु, असुरक्षित यौन सम्वन्धको सिकार हुनु जस्ता समस्याहरु संग जुधि रहेका छन ।

HTTP://WWW.Child.Nepal.Com// (१९१९) मा अन्तराष्ट्रिय श्रम संगठन स्थापना भएपछि विश्वव्यापी रुपमा बाल मजदुरको पक्षमा आवाज उठाउदै विभिन्न कार्यहरु संचालन गर्दै आएको छ । त्यसैगरि १९२१ मा Save the children fund U.K को स्थापना पछि बाल बचाउ अभियान शुरु भएको थियो । जस्को संस्था Eglantine Jebbs ले सन् १९२३ बाट यस विषयलाई लिएर आन्दोलन शुरु गरेर पछि अर्को अन्तराष्ट्रिय स्तरमा एक पछि अर्को पाईला बढाउदै लगेको थिए । १९२४ मा पहिलो बाल अधिकार सम्बन्धी घोषणा गरे भने दास्रो घोषणा १९५९ मा गरे । १९४८ मा मानव अधिकार सम्बन्धी घोषणा गरेर बाल अधिकार रक्षार्थ अन्तराष्ट्रिय स्तरमै आन्दोलन हुदै गयो । जस्ले गर्दा UNO ले सन् १९७९ लाई बाल बर्षको रुपमा मनाउने घोषणा गऱ्यो । सन् १९८९, २० नोभेम्बर मा संयुक्त राष्ट्र संघको साधारण सभामा बाल

अधिकार सम्बन्धी महासन्धीमा परिणत भयो । नेपालले पनि उक्त सन्धिलाई १४ सेप्टेम्बर १९९० मा समर्थन र सहमती प्रदान गऱ्यो ।

## २.३ नेपालमा सडक बालबालिका

नेपालका बिभिन्न जिल्लाहरुबाट वर्षेनी कम्तीमा पनि ५०० जना बालबालिकाहरु उपत्यकाका सडकमा आउने गरेको अनुमान छ (सिबिन,२००६) ।

केन्द्रिय बालकल्याण समिति, ललितपुरले सडकमा आश्रित बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाहरुको साझा सञ्जाल संग मिलेर एक अध्ययन (२०६५) मा प्रकाशन गरेको प्रतिवेदन अनुसार काठमान्डौमा करिब ८०० जना बालबालिका सडकमा आश्रित रहेको देखाएको छ । जसमा ९५% बालक र ५% बालिका रहेका छन ।

सडकमा बालबालिकाको क्षेत्रमा काम गर्ने सामाजिक कार्यकर्ता र संघसस्थाहरु संगको छलफलका आधारमा काठमान्डौ उपत्यका भित्र ४०३ जमा बालबालिका हरु सडकमा आश्रित देखिएका छन भने १७३ जना बालबालिकाहरु विभिन्न संघसस्थाहरुमा आश्रित देखिन्छन (नेपालमा बालबालिकाको स्थिति -२०७१) ।

SWIN (2010) ले नेपालमा १०० जना बालबालिकाहरु लाई लिएर अध्ययन गरेको छ जहा प्रत्यक बालबालिकाहरु दैनिक १४–१८ घण्टा सम्म लगातार काम गर्ने गर्दछन । जसमा उनिहरु फोहोरमैला उठाएर प्रत्यक दिन २३ रुपैया कमाई गर्दछन । त्यसैगरि मागेर गुजरा गर्ने बालबालिकाहरु १८%, खलासि गर्ने ४८ % र सुकुम्बासी भएर जिवन ब्यतित गर्ने १३ % रहेका छन भने ३९ % बालबालिकाहरु अशक्तको रुपमा रहेका छन । बालबालिकाहरु यसरी सडकमा आउनुको कारणमा सारिरीक तथा मानसिक शोषण र अपहेलित हुनु रहेको छ ।

काठमान्डौ उपत्यकामा रहेका १८ वर्ष मुनिका सडक बालबालिकाहरुको अनुमानित संख्यालाई तालिकाबाट देखाउदा :

| क्षेत्र | संख्या |
|---|---|
| कंलकी स्वयम्भु क्षेत्र - (कंलकी, स्वयम्भु, शोभा भगवती, विष्णुमती, कालिमाटी,टेकु र बल्खु एकान्तकुना) | ८५ |
| बालाजु बसपार्क क्षैत्र (बालाजु, बसपार्क र महाराजगञ्ज) | २५ |
| पशुपति क्षेत्र - (बौद्ध, पशुपति, एअरपोर्ट, गौपिकृष्ण, चाबहिल) | ८२ |
| हनुमान ढोका क्षेत्र (हनुमानढोका, ज्यापुवारी, बागबजार, रत्नपार्क, महांकाल) | १२६ |
| कोटेश्वर शंखमुल क्षेत्र - (कोटेश्वर ,बानेश्वर र शंखमुल) | ४५ |
| लगनखेल क्षेत्र - लगनखेल ,ग्वार्को, जावलाखेल र कुपण्डोल) | २५ |
| भक्तपुर क्षेत्र | १५ |
| जम्मा | ४०३ |

(सिविन,२०७१: ७६)

सडक बालबालिकाहरु सडक, पेटि, मन्दीर, पौवा आदि ठाउहरुमा मागेर बस्दछन । सडक बालबालिकाहरुको वासस्थान तथा काम गर्ने तरिका र यथार्त जिवनको वारेमा CWIN ले अध्ययन गरेको छ ।

UNICEF(1996) ले गरेको वर्गिकरण अनुसार सडकमा आश्रित बालबालिकाको स्वरुप :

१) परित्याग गरिएका बालबालिका : परिवार र घर नभएको ।

२) सडक बालबालिका : घरपरिवार भईकन पनि सडकलाई नै आफनो घर बनाएका बालबालिका ।

३) सडकमा काम गर्ने बालबालिका : सडकलाई नै आफनो कार्य क्षेत्र बनाई आफन्त र परिवार सित रहने बालबालिका ।

४) उच्च खतरामा रहेका बालबालिका : यस बर्गमा दन्द्ध, भोकमारी, साहारा विहिन, घरपरिवार विहिन, जोखिम पुर्ण तथा दुखःदाई अवस्थामा रहेका बालबालिका पर्दछन ।

शरण ब. तामाङका अनुसार बालबालिका सडकमा आउनुको प्रमुख कारण आर्थिक कारण पनि रहेको छ । विभिन्न बिलासि प्रयोग गर्न र विभिन्न आवस्यकताहरु पुरा गर्न बालबालिकाहरु सहर आइपुग्दछन ।

## २.४ बालबालिका सम्बन्धी संवैधानिक कानुनी व्यवस्था तथा नीति नियमहरु

१) बालबालिकालाई उनीहरुको हकहित संरक्षित गरि अधिकार सम्पन्न गराउन बनाउदै स्वस्थ्य बातावरणमा हुर्काउन राज्यले छुटै कानून बनाएको छ । नेपालमा बालबालिका सम्बन्धी ऐन २०४८ को प्रस्तावनामा बालबालिकाको हकहितको संरक्षण गरि तिनीहरुको शारिरीक, मानसिक र बौद्धिक विकास गर्न समयानुकुल कानूनी व्यवस्था गर्न बाञ्चनिय भएको उल्लेख गरिएको छ । त्यसैगरि बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघिय सहासन्धी सन १९८९ को प्रस्तावनामा पनि संयुक्त राष्ट्रसंघको घोषणा पत्रमा उद्घोषण गरिएको सिद्धान्तहरु अनुरुप नैसंगिक मर्यादा तथा मानव परिवारका सम्पूर्ण सदस्यहरुको अविच्छिन्न अधिकारहरुको मानयता नै विश्वमा स्वतन्त्रता न्याय तथा शान्तिका आधारशिला भन्ने तथ्यलाई बिचार गदै बालबालिका सम्बन्धी महासन्धीका पक्ष राष्ट्रहरुले आ-आफ्नो मुलुकका कानूनमा बालबालिकाहरुको हक हित सुरक्षित गर्न छुटै कानूनको व्यवस्था गरेका थिए । त्यस पारित महासन्धीलाई नेपालले १९९० सेप्तेम्बरमा हस्ताक्षर गरेर प्रतिबद्धता जाहेर गरेको थियो । बालबालिका सम्बन्धी ऐन २०४८ को दफा १७ मा १४ वर्ष मुनिका बालबालिकालाई श्रमिकको रुपमा काममा लागाउ हुदैन भनिएको छ । सोहि दफा अनुसार १४-१६ वर्षसम्मका बालबालिकाहरुलाई काममा लगाउनेले उनीहरुको फोटो सहितको वितरण जिल्ला बालकल्याण समितिमा पठाउनु पर्ने भएको छ । उनीहरुलाई बेलुका ६ बजे देखि विहान ६ बजे अर्थात रातमा काममा लगाउन नहुने तथा दफा ४७ अनुसार दिनको ६ घण्टा र हप्ताको ३६ घण्टा भन्दा बढी काम लगाउन नपाउने लगातार ३ घण्टाको विश्रामपछि १.५ घण्टा आरामा दिनु पर्ने तथा प्रत्येक हप्ता १ दिन विदा हुनु पर्ने व्यवस्था

गरिएको छ यसरी उनीहरुलाई काममा लगाउनको लागि आमाबुवा तथा बालकल्याण अधिकारी वा संरक्षणको स्वीकृति लिनु पर्ने व्यवस्था पनि गरिएको छ । यसको विपरितहुने गरि काममा लगाएमा तिन महिना सम्म कैद वा तिन हजार सम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ । यास्ता कानून र निति निमार्ण हुनु निश्चय पनि बालअधिकारको संरक्षा र सम्बर्धनको लागि एक महतवपूर्ण र सकारात्मक कदम हो तर, यस्को व्यवहारिक कार्यान्यवयन हुन सकेन भने यसको कुनै अर्थ रहदैन । केवल भाषण र कागजमा हस्ताक्षर गर्दैमा उनीहरुको अधिकारको संरक्षण सम्वर्धन हुन सक्दैन । यसको सहि रुपमा कार्यान्यवोन गर्ने हो भने स्पष्ट दृष्टिकोण र ठोस प्रतिबद्धता आवश्यक पर्दछ ।

२) नेपाल अधिराज्याको संविधान २०४७ को भाग ३ र राज्यका सिद्धान्त तथा नितीहरु भग ४ मा बालबालिकाहरुको हक अधिकारको रक्षार्थ विभिन्न प्रावधानहरुको व्यवस्था गरेको छ । मातृभाषा प्राथमिक तहको शिक्षा पाउने देखि लिएर ईच्छा विपरित काम नलगाउने कलकारखाना, खानी जस्ता जाखीमपूर्ण काममा नलगाउने, बधुवा, बेचविखन गर्न नपाउने जस्ता (धारा २०) बन्देज लगाएको छ । साथै राज्यले उनीहरुलाई नि : शूल्क शिक्षा दिने व्यवस्था गर्ने कुरा धारा २६ (८) मा उल्लेख छ ।

३) संयुक्त राष्ट्र संघले १९८९, २० नोभेम्बरमा पारित गरेको बाल अधिकार महासन्धीलाई नेपालले पनि १९९० सेप्टेम्बर ४ मा समर्थन गरेको २०४८ सालमा बालबालिमा सम्बन्धी ऐन तर्जुमा र २०५२ सालमा उपरोक्त कानून अनुसार श्री ५ सरकारले बालबालिका सम्बन्धी नियमावली तयार गरी लागू समेत गरीसकेको छ ।

## २.५ विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुको प्रतिबद्धता वा योगदान

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले बालबालिकाहरुको सर्बोत्तम हित सुनिश्चित गर्न उनीहरुको नैसर्गिक अधिकारलाई मानवअधिकारको रुपमा सम्मान गदौ उनीहरुको समग्र कल्याण र विकासकोलागी भएका अर्न्तराष्ट्रिय तथा क्षेत्रीय महासन्धीहरुमा निशर्त प्रतिबद्धता जनाएको छ र ती प्रतिबद्धताहरुलाई व्यवहारमा उर्तान आवश्यक कानूनी नितीगत तथा संस्थागत व्यवस्थामा विशेष ध्यान दिएको छ । त्यसकालागी बनेका ऐन नियमलाई सरोकार वर्गसम्म पुऱ्याउने र व्यवहारमा उतार्ने प्रयासहरु गरेको छ र विभिन्न कार्ययोजनाहरु बनाएर संञ्चालन गरेको छ । यस्ले १९८० देखि घरेलु

बालश्रमिकहरुको अवस्था सुधार्ने क्रममा लागेको छ र यस्को कार्याकालमा हजारौ सडक बालबालिकाहरु लभान्वित भएका छन् ।

१९९५ May मा नेपाल सरकारको सहमतिमा ILO संग मिलेर विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ । १९९५ देखि अहिलेसम्म ७३ Action Programmes र ५२ Mini- Programmes हरु लागू गरिसकेको छ । जसद्वारा १३५०० बालबालिकाहरु लाभान्वित भैसकेका छन् । IPEC Nepal ले सरकारी Organiization, शैक्षिक संस्थाहरु अनुसंधान Organization, संचार, जिल्ला तथा महानगरपालिकाहरु गरि ५८ गै सरकारी संस्थाहरुसंग साझेदारी भएर काम गरिसकेको छ । विभिन्न कार्यक्रमहरु २९ जिल्लाहरुमा संचालन गरिसकेको छ । यस्ले कमैया, ट्राफिकिङ्ग, गलैचा, उद्योग, भरिया, ईट्टा भट्टा, रोडा गीट्टी, घरेलु कामदार आदि सबै प्रकारका बालश्रमहरुमा चासो देखाएर काम गरिरहेको छ । १९९८ देखि UNDP संग पनि मिलेर बाल कल्याणकारी कार्यहरु संचालन गरिरहेको छ ।

## २.६ बाल विकास /अधिकार सम्बन्धी राष्ट्रिय प्रतिबद्धता

बालबालिकाको हक हितको संरक्षण गरेर उनीहरुको शारिरीक मानसिक र बौद्धिक विकास गर्न समयानुकुल कानूनको व्यवस्था गर्नु पर्ने आवश्यकता देखियो र बालबालिका सम्बन्धी ऐन २०४८ तर्जुमा गरियो । बहुदलीय प्रजातन्त्रको स्थापना पछि नेपालले बाल अधिकारको क्षेत्रमा निकैनै कामहरुको शरुवातहरु भए । १९९० मा बालअधिकार सम्बन्धी नियमावलीहरु पारित गरेर श्री ५ को सरकारले बालअधिकारको सम्बन्धमा काम गर्ने प्रतिबद्धता जाहेर गर्दै कार्ययोजना तयार गरि कार्यान्वयन थालियो । सन् २००२ मा संयुक्त राष्ट्र संघले विशेष अधिवेशनमा छलफल गरी “बालबालिकाको निम्ती सुहाउदो विश्व” घोषणा पत्र जारी गरेको थियो । यसमा नेपालले पनि भाग लिएर आफ्नो प्रतिबद्धता जनाएको थियो । १९९० मा भएको घोषणा पत्र पछि नेपालले सहमति जनायो र साथै उनीहरुसंग सम्बन्धीत लक्ष्य र कार्ययोजनाको घोषणा गऱ्यो । बाल अधिकारको विषयलाई उच्च प्राथमिकता दिएर, बालमृत्युदरलाई प्रतिहजार १०७ बाट ५० प्रतिशतमा झार्ने, ५ वर्ष मुनीका बाल मृत्युदरलाई प्रति हजार बाट १६५ बाट ७० प्रतिशतमा ल्याउने । उनीहरुको लागि खानेपानीको सुविधा उपलब्ध गराउने २०10 सम्ममा बालश्रम उन्मूलन गराउने । पोलियो, टिटानस कुपोषण उन्मूलन, अन्धोपन र भिटामिन ए को कमीबाट हुने असरलाई १.५ प्रतिशतबाट घटाएर ०.१ प्रतिशतमा झार्न र बालबालिकाहरुका पूर्नस्थापना, बाल बचावट, संरक्षण, विकास लगायत आधारभूत शिक्षा दिलाउने लक्ष्यहरु तोकिएका छन् (राष्ट्रिय प्रतिवेदन,१९९८) ।

बाल अधिकार सम्बन्धी मासन्धी १९८९ नोभेम्बर, २० मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित बालबालिकाको अधिकार सम्बन्धी घोषणा पत्रमा बालबालिकालाई उस्को शारिरीक तथा मानसिक अपरिपक्वताको कारणले गर्दा विशेष हेरचाह र स्याहारको आवश्यकता साथै उचित कानूनी संरक्षणको खाँचो जन्मनु अघि र जन्मेपछि पनि पर्छ भन्ने उल्लेख गरेको छ। यो सन्धिमा ३ भाग र ५४ वटा घाराहरु छन्। त्यस्तै गरी अन्तराष्ट्रिय श्रम संगठन सम्बन्धी महासन्धीहरु १३८ मा १० वटा धारा तथा उपधाराहरु रहेका छन् भने महासन्धी संख्या १८२ मा १६ वटा धारा तथा उपधाराहरु रहेका छन्, जस्ले बालबालिकाहरु सम्बन्धी विभिन्न ऐनहरु पारित गरेको छ (राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु )

१) नेपाल अधिराज्यको संविधान २०४७ ले बालबालिका सम्बन्धमा गरेको विशेष व्यवस्थाहरु

२) बालबालिका सम्बन्धी ऐन २०४८

३) बालश्रम निषेध ऐन २०५६

४) बालबालिका सम्बन्धी नियमावली २०५१

५) दक्षिण एशियामा बाल कल्याण प्रवर्धनका लागि क्षेत्रिय व्यवस्था सम्बन्धी सार्क महासन्धी २००२

६) बाल अधिकार सम्बन्धी सहासन्धी १९८९

७) अन्तराष्ट्रिय श्रम संगठन सम्बन्धी महासन्धीहरु

# अध्याय - तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धानको ढाँचा

सडक बालबालिकाहरुको अवस्थाका बारेमा गरिएको यस अध्ययन क्षेत्रका सडक बालबालिकाहरुको सामाजिक, आर्थिक पक्षहरु जस्तै पारिवारिक वितरण, उमेर, शिक्षा, लिङ्ग, पेशा, आम्दानी, खर्च आदिका सम्बन्धमा तथ्याङ्कहरुलाई वर्णानात्मक अनुसन्धान ढाँचा अन्तरगत राखेर व्याख्या र विश्लेषण गरिएको छ । यो शोधपत्र वर्णनात्मक अनुसन्धानमा आधारित रहेर गरिएको छ । साथै द्वितिय स्रोतको पनि सहयोग लिईएको छ । सम्पुर्ण संकलित तथ्याकं को वर्णनात्मक, तुलनात्मक विश्लेषणात्मक रुपमा गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनौट

सडक बालबालिकाहरु नेपालका थुपै शहरहरुमा रहेका छन् । विभिन्न शहरमा बस्दै आएका सडक बालबालिहरु मध्ये यो सोधपत्र काठमान्डौ उपत्यकाका सडक बालबालिकाहरुमा केन्द्रित रहेको छ । काठमान्डौ उपत्यका नेपालकै ठुलो शहर र राजधानि समेत भएकाले रमाउन तथा सुख भोघगर्न यहा विभिन्न ठाउ, स्वदेश तथा बिदेश बाट मानिसहरु आउने गर्दछन । नेपालका बिभिन्न ठाउहरुबाट बिभिन्न प्रकारका समस्याहरुको कारणले अधिकांश बालबालिकाहरु राजधानि शहरका बिभिन्न ठाउँहरुमा भित्रिरहेको बिभिन्न तथ्याकंले देखाउदछ । राजधानि शहरमा सडक बालबालिकाहरुको संख्या दिन प्रतिदिन बढदो अवस्थामा रहेकोले यस्को कारण पहिल्याउनको लागि पनि काठमान्डौ उपत्यकाको छनौट गरिएको हो । त्यसमा पनि उपत्यकाको पशुपति क्षेत्रमा स्वदेशि तथा बिदेशि पर्यटकहरुको आगमन बढि मात्रामा हुने भएकाले र मेरो ब्यक्तिगत अनुभवका आधारमा अन्य क्षेत्रहरुको तुलनामा यस क्षेत्रमा ५-१६ वर्ष उमेरका सडक बालबालिकाहरु धेरै नै देखिएको कारणले र यस क्षेत्रमा सडक बालबालिकाहरुको संख्या पनि बढिनै देखिएकाले पशुपति क्षेत्रलाई केन्द्रित गरि यस अध्ययन गरिएको छ र सोही ठाउँ अनुसन्धानकर्ताको लागि अनुसन्धान गर्न नजिक भएको हुँदा अर्न्तवार्ता लिन जान सजिलो हुने बुझीएकोले सो ठाउँलाई उपयुक्त मानेर अनुसन्धानको लागि गरिएको हो ।

## ३.३ तथ्याको प्रकृति र श्रोतहरु

यस शोध कार्यमा गुणात्मक तथा संख्यात्मक दुवै प्रकारका तथ्याकंहरुको प्रयोग गरिएको छ । आवश्यक तथ्याकं मुख्यरुपमा प्राथामिक तथा द्धितिय स्रोतबाट लिइएको छ । प्राथमिक तथ्याङ्कहरु अनुसन्धानकर्ता स्वयमले अध्ययन क्षेत्रमा गई विभिन्न तथ्याङ्क संकलन बिधिद्धारा संकलन गरियो भने द्धितिय तथ्याङ्कहरु प्रकाशित तथा अप्रकाशित विभिन्न लेख, कृति तथा पत्रपत्रिका, भिलेज प्रोफइल शोध ग्रन्थबाट लिइयो ।

## ३.४अध्ययनको समग्रता र नमूना छनौट

उद्देश्य अनुसारको सडक बालबालिकाहरु रहेको काठमाण्डौ महानगरपालिकाको पशुपति क्षेत्र लाई सर्वप्रथम उद्देश्यमूलक तरिकाले छनौट गरिएको थियो । यस अध्ययानमा पशुपति क्षेत्र भन्नाले पशुपति मन्दिर वरिपरि वौद्ध, , एअरपोर्ट, गोपिकृष्ण, चावहिल जस्ता ठाउमा बुझिने छ । यस क्षेत्रमा रहेका कुल ८२ जना सडक बालबालिकाहरु मध्ये यस अध्ययनमा ५-१६ वर्ष उमेर रहेका २० जना सडक बालबालिकाहरुलाई नमुना छनौट विधि प्रयोग गरि छनौट गरिएको थियो र सडक बालबालिकाका विषयमा टोल छिमेक, साथीभाईहरुसंग आवश्यक छलफल गरी २० जना सडक बालबालिकाहरुलाई छनौट गरिएको थियो ।

## ३.५ तथ्याङ्क संकलन विधिहरु

तथ्याकं बिना कुनै पनि अनुसन्धान सत्य तथ्य परक हुन सक्दैन । जसको लागि तथ्याकं संकलन बिधिले महत्वपुर्ण भुमिका खेलेको हुन्छ । यस शोधपत्रमा प्रश्नावलि , अर्न्तवार्ता , र क्षेत्र अवलोकन गरी तथ्याकं संकलन गरिएको छ । यस अन्तरवार्ता अनुसुचि विधिद्वारा छनौट गरिएका २० जना सडक बालबालिकाहरु लाई उत्तरदाताको रुपमा छनौट गरी उनीहरुबाट सामाजिक तथा आर्थिक पक्षहरु जस्तै पारिवारिक वितरण, उमेर, शिक्षा, लिङ्ग, पेशा, आम्दानी, खर्च आदि सम्बन्धी सूचनाहरु संकलन गरिएको थियो ।

## १ प्राथमिक स्रोतबाट लिइने तथ्याकंहरु

प्राथमिक तथ्याकंहरु स्थलगत सर्वेक्षणमा आधारित हुनेछ ।

प्राथमिक स्रोतबाट तथ्याकं संकलन गर्ने विधिहरु यस प्रकारका छन् ।

### ३.५.१ अन्तरवार्ता

अन्तर्वाताका लागि अर्ध संरचित अन्तर्वाता अनुसुचि तयार गरिएको थियो । यस सुचिमा बन्द र खुल्ला दुबै खालका प्रश्नहरु समाबेश गरिएका थिए । यस अन्तरवार्ता  विधिद्वारा छनौट गरिएका पशुपति क्षेत्रमा रहेका २० जना सडक बालबालिकाहरु लाई उत्तरदाताको रुपमा छनौट गरी उनीहरुबाट सामाजिक पक्षहरु जस्तै पारिवारिक वितरण, उमेर, शिक्षा, लिङ्ग, पेशा, आम्दानी, खर्च आदि सम्बन्धी सूचनाहरु संकलन गरिएको थियो । साथै सडक बालबालिका हुनुको कारण र उनिहरुले भ्mेल्नु पर्ने समस्याहरुको बारेमा पनि प्रश्नहरु गरिएको थियो ।

### ३.५.२ अवलोकन

सडक बालबालिकाहरुले खुलाउन नसकेका कुराहरु जस्तै उनिहरु कहाँ कहाँ जान्छन, के के गर्दछन के कस्ता साथिहरु संग उनिहरु मिल्दछन, समाजले उनिहरुलाई कस्तो व्यबहार गर्दछ जस्ता कुराहरु अवलोकन द्वारा जानकारी प्राप्त गरिएको थियो । अध्ययनको लागि आवश्यक बालअधिकार सडक बालबालिकाहरुसंग सम्बन्धी सूचनाहरु, खानपान, समाजले गर्ने व्यवहार, भेषभुषा आदि असहभागी अवलोकन विधिबाट संकलन गरी जानकारीहरु प्राप्त गरियो ।

### ३.५.३ जानकार व्यक्तिसंगको अन्तरवार्ता

जान्ने बुभ्mने व्यक्तिसंगको अन्तरवार्ता पनि तथ्याङ्क संकलन विधिको एक भरपदौ माध्यम हो । यस समाजमा भएका जान्ने सुन्ने व्यक्तिहरु जस्तै पशुपति क्षेत्रमा रहेका कर्मचारीहरु, पुजारीहरु, सामाजिक कार्यकर्ता तथा अन्य अनुभवी व्यक्तिहरुसंग यस प्रकारको अन्तरवार्ता लिएको थियो । यस अन्तरवार्ताबाट सडक बालबालिकाहरु सडकमा आउनुका कारणहरु, उनीहरुले सहनु पर्ने यातनाका कथाहरुका बारेमा सामान्य वितरण लिइएको थियो । यसरी जम्मा ५ जना जानकार व्यक्तिहरु संग अन्तरवार्ता लिईएको थियो । यस अन्तरवार्ता अनौपचारीक तरिकाबाट लिईएको थियो ।

## २. द्वितिय तथ्याकं

यस अध्ययनमा विषयसंग सम्बन्धीत विभिन्न प्रकाशित लेख , रचना , सोधपत्र तथा विभिन्न संघसंस्थाहरुले प्रकासित गरेका  महत्वपुर्ण प्रकाशनहरुलाई द्वितिय स्रोतको रुपमा लिइएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतिकरण

तथ्याकंको विश्लेषण र प्रस्तुतिकरण राम्रो भएन भने अनुसन्धान जतिसुकै राम्रो भए पनि अध्ययन राम्रो मानिदैन । त्यसैले तथ्याकं विश्लेषण र प्रस्तुतिकरण विशेष ध्यान पुराउनु पर्दछ । यस अनुसन्धान गुणात्मक र परिमाणात्मक दुबै प्रकारका तथ्याकंलाई आवस्यकता अनुसार प्रस्टरुपमा विश्लेषण गरिएको   छ ।

## ३.७ अध्ययनको सीमा

यस अध्ययनको काठमान्डौ उपत्यका भित्रका सडक बालबालिकाहरुको सामाजिक पक्षलाई मात्र समेटिएको छ । यो अध्ययन एउटा निश्चित ठाउँमा रहेका सडक बालबालिकाहरुलाई छनौट गरीएको हुँदा यसको निष्कर्ष व्यापक क्षेत्र र परिवेशमा लागू नहुन सक्छ अर्थात यसबाट निकालिएका निष्कर्षले आम बालबालिकाहरुको  अवस्थालाई समेट्न नसक्ने पनि हुन सक्छ । समय सिमिततामा रहेर अध्ययन गरिएकोले यो अध्ययन पुर्णरुपमा मुर्त नहुन सक्दछ । साथै अनुसन्धानकर्तालाई सहि जानकारी उपलब्ध नगराएको खण्डमा प्राप्त गर्ने लक्ष अपुर्ण हुन सक्छ ।

# अध्याय चार

# तथ्यांकको व्याख्या र विश्लेषण

## ४.१ सडक बालबालिकाहरुको सामाजिक अवस्था

यस अध्ययन्मा सडक बालबालिकाहरुको परिवार, पृष्ठभूमि सामाजिक अवस्थाहरुको बारेमा अध्ययन गरिएको छ । यहाँ गरिएको विश्लेषणबाट उनीहरुको लिङ्ग, जाति, उमेर, परिवारको आकार, पृष्ठभूमी, पेशा, भौगोलिक अवस्थाका साथै उनीहरुको सामाजिक, आर्थिक समस्याहरुका बारेमा थाहा पाउन सकिन्छ । यहाँ ५-१६ वर्षका २० जना बालबालिकाहरुकौ सामाजिक अवस्था बारे छलफल गरि पत्ता लगाउने प्रयत्न गरिएको छ ।

### ४.१. १ सडक बालबालिकाहरुको स्थायी बासोस्थान

सडक बालबालिकाहरु कहाँ कहाँ बाट आएका हुन भनि जान्नका लागि अथवा उनिहरुको स्थायी बसोबास कहा रहेको छ भनि जान्नका लागि बालबालिकाहरुमा यो अन्तरवार्ता लिइएको थियो । काठमान्डौ महानगरपालिको पशुपति क्षेत्रमा गरिएको अध्ययनमा अधिकांस सडक बालबालिकाहरु देशका विभिन्न ग्रामिण क्षेत्रहरुबाट आएको बुझीयो । नेपालका तराई, पहाड, मधेश जस्ता ठाउँहरुबाट उनीहरु यहाँ आएका छन् । जसलाई तलको तालिकामा प्रष्ट्याउने कोशिस गरिएको छ ।

**तालिका नं १**

**जिल्लाका आधारमा सडक बालबालिकाको वितरण**

| जिल्ला | पुरुष | महिला | कुलसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| कञ्चनपुर | ४ | २ | ६ | ३० |
| दाङ्ग | १ | १ | २ | १० |
| रसुवा | ३ | - | ३ | १५ |
| सिन्धुली | २ | १ | ३ | १५ |
| सल्यान | २ | - | २ | १० |
| नुवाकोट | ३ | १ | ४ | २० |
| जम्मा | १५ | ५ | २० | १०० |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

माथिको तालिका अनुसार छनौट गरिएका कुल २० जना उत्तरदाताहरु मध्ये कञ्चनपुरबाट ३० प्रतिशत, दाङ्गबाट १० प्रतिशत, रसुवाबाट १५ प्रतिशत, सिन्धुलीबाट १५ प्रतिशत, सल्यान बाट १० प्रतिशत, नुवाकोटबाट १० प्रतिशत देखिन्छ । यसबाट यो प्रष्ट हुन्छ की काठमाडौसम्म यातायातको सुविधा हुने ठाउँबाट बढी कामको खोजीमा आउने गर्दछ । बालबालिकाहरु प्रायजसो पश्चिम तराईका जस्तै कञ्चनपुर, दाङ्ग, कैलालीका मुख्य सुकुम्बासीहरुको संख्या बढी हुनाले तराईको प्रतिनिधित्व बढी गरेको देखिन्छ । पहाडका बालबालिकाहरु मुख्य तया भारत तर्फ कामको खोजिमा जाने गरेको पाईयो किनकी उनीहरुको अग्रजहरु पहिले देखिनै भारत तर्फ रोजगारीको लागि जाने गर्दथे ।

### ४.१.२ उमेर र लिङ्गको आधारमा सडक बालबालिकाको वितरण

५ देखि १४ उमेर समुहका सडक बालबालिकाहरु कुन उमेर समुहका रहेका छन र उमेर समुह अनुसार कति उत्तरदाताहरु पुरुष र कति उत्तरदाताहरु महिला छन भन्ने थाहा पाउन यो अनुसन्धान गरिएको हो । बालबालिकाहरुको लैङ्गिक अनुपातलाई हेर्दा धेरै अन्तर पाउन सकिन्छ । करिब २० जना बालबालिकाहरुलाई लिएर गरिएको अध्ययनमा १० जना पुरुष र ५ जना महिला रहेका छन । यसले यो देखाउदछ कि सडकमा बालक भन्दा बालिकाहरुको संख्या बढि रहेको छ । उत्तरदाताहरु कति बर्षका रहेछन् भन्ने कुरा बुझ्नका लागी पुरुष र महिलाका आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं २**

**उमेर र लिङ्गको आधारमा सडक बालबालिकाको वितरण**

| क्र.स | उमेर समुह | पुरुष | महिला | कुलसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ५-९ | १ | १ | २ | १० |
| २ | ९-१२ | ३ | २ | ५ | २५ |
| ३ | १२-१४ | ५ | २ | ७ | ३५ |
| ४ | १४-१६ | ६ | - | ६ | ३० |
| **५** | **जम्मा** | **१५** | **५** | **२०** | **१००** |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

यस तालिकामा हेर्दा महिला भन्दा पुरुष बालबालिका बढि देखिन आएको छ । ५-९ बर्ष उमेर समूहमा १० प्रतिशत, ९-१२ बर्ष उमेर समूहमा क्रमश २५ प्रतिशत, १२-१४ बर्ष उमेर समूहमा ३५ प्रतिशत रहेको छ । १४–१६ वर्ष उमेर समुहमा ३० प्रतिशत रहेको छ । माथिको तालिकाले यो देखाउदछ कि १२ देखि १४ उमेर समुहका बालबालिका जो कमजोर आर्थिक अवस्थाको कारणले आफ्नो ठाउबाट बसाई सरेर आएका हुन्छन उनिहरु सडक बालबालिकाका रुपमा स्थापित हुन्छन ।

## ४.१. ३ जातिगत आधारमा सडक बालबालिकाहरुको वितरण

नेपालमा ४ जात ३६ बर्ण रहेका छन । समाजलाई बिभाजित गरेर हेर्दा हिन्दु धर्म अनुसार ब्राम्हण, क्षेत्रि, बैश्य र शुद्र गरि ४ जात हरु रहेका छन । यस भित्र पनि बिभिन्न जातजातिहरु रहेका छन । अध्ययन क्षेत्रमा रहेको सडक बालबालिकाहरु नेवार, ब्राम्हण /क्षेत्री, मगर र दलित जात तथा जनजातिका रहेका छन् जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**

**सडक बालबालिकाहरुको जातिगत वितरण**

| क.स | जति | पुरुष | महिला | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नेवार | ४ | २ | ६ | ३० |
| २ | ब्राम्हण /क्षेत्री | ६ | - | ६ | ३० |
| ३ | मगर | ३ | २ | ५ | २५ |
| ४ | दलित | २ | १ | ३ | १५ |
| **५** | **जम्मा** | **१५** | **५** | **२०** | **१००** |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

माथिको तालिकाबाट हेर्दा २० जना सडक बालबालिकाहरुमा लिईएको अनुसन्धानमा नेवार ३० प्रतिशत, ब्राम्हण /क्षेत्री ३० प्रतिशत, मगर २५ प्रतिशत र दलितमा १५ प्रतिशत रहेको छ । देशका तराई भेगबाट बढि सडक बालबालिकाहरु उपस्थित भएको देखिन्छ ।

## ४.१.४ सडक बालबालिकाहरुको शैक्षिक अवस्था

सामाजिक, आर्थिक र बौद्धिक विकासका लागि समेत साक्षर हुन अति आवश्यक विषय बस्तु हुन जान्छ । यसैमा सम्पूर्ण मानविय गतिविधिहरु संचालन हुने गर्दछ । कुनै पनि निति नियमबनाउने निमार्णहरुले सडक बालबालिकाहरुलाई शैक्षिक बातावरण तर्फ उन्मुख गराउनु पर्दछ । अध्ययनका लागि छनौट गरिएका २० उत्तरदाता मध्ये अधिकाशं बालबालिकाहरुले पढ्न अवसर नपाईरहेको अध्ययनबाट थाहा हुन आएको छ । अध्ययन क्षेत्रका सडक बालबालिकाहरु सडकमा आउनु भन्दा अगाडिको शैक्षिक अवस्थाको वितरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४**

**सडक बालबालिकाहरुको शैक्षिक अवस्थाको वितरण**

| क्र.स | शिक्षा | पुरुष | महिला | कुलसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निरक्षर | ७ | ३ | १० | ५० |
| २ | साक्षर | ५ | २ | ७ | ३५ |
| ३ | प्राथमिक | ३ | - | ३ | १५ |
| ४ | नि.मा.वि | - | - | ० | ० |
| **५** | **जम्मा** | **१५** | **५** | **२०** | **१००** |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

माथिको तालिका अनुसार पुरुष तर्फ निरक्षर ७ जना, साक्षर ५ जना, प्राथमिक तह ३ जना र नि.मा.वि.मा ० रहेको छ भने महिला तर्फ निरक्षर ३ जना, साक्षर २ जना, प्राथमिक तह ० र नि.मा.वि. तर्फ पनि ० रहेको छ । तालिका अनुसार निरक्षरहरुको संख्या बढी देखिन्छ गरिवी र ठूलो परिवारको कारणले पढन नपाएका हुनाले निरक्षरको प्रतिशत बढी देखिन्छ । उत्तरदाताहरु पढ्नका लागि विद्यालयमा भर्ना नभएको कारणको वितरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### ४.१.४.१ उत्तरदाताहरु पढ्नका लागि विद्यालयमा भर्ना नभएको कारण

प्राय सबै बालबालिकाहरुको ईच्छा सपना हुन्छ बिद्यालय गएर अध्ययन गर्ने तर धेरै जसो बालबालिकाहकरुको यो सपना सपनानै रहन्छ किनभने अधिकांस परिवारहरुको आर्थिक अवस्था कमजोर हुने गर्दछ जसको कारणले उनिहरु आफ्नो बच्चालाई बिद्यालए पठाउन सक्दैनन् । नेपालमा सरकारले प्राथमिक शिक्षा सम्म निशुल्क अध्ययनको व्यवस्था गरेको छ तरपनि अधिकांस गाउमा बिधालय नहुनु र भएपनि पाएक पर्ने ठाउमा नहुनु र परिवारको आर्थिक अवस्था कमजोर भएको कारणले काम गर्नु पर्ने हुनाले बालबालिकाहरु पढनबाट बञ्चित हुनुपरेको छ । बालबालिकाहरु विद्यालयमा भर्नानै नभएको कारणको वितरणलाई तलको तालिकामा यसप्रकार देखाईएको छ ।

**तालिका नं. ५**

**विद्यालयमा भर्ना नै नभएको कारणको वितरण**

| क्र.स | कारण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक अवस्था कमजोर | ५ | ५० |
| २ | अविभावकले नपठाएर | १ | १० |
| ३ | इच्छा नभएर | २ | २० |
| ४ | थाहा छैन | २ | २० |
| **५** | **जम्मा** | **१०** | **१००** |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

माथिको तालिका अनुसार आर्थिक अवस्था कमजोरमा ५० प्रतिशत, अभिभावकले नपठाएर १० प्रतिशत, इच्छा नभएरमा २० प्रतिशत र केहि थाहा छैनमा २० प्रतिशत रहेको छ। तालिका अनुसार आर्थिक अवस्था कमजोर भएकोले विद्यालयमा चाहिने आवश्यक सामाग्री आमा वुवाले पुराउन नसक्ने हुनाले विद्यालय पठाउन नसकेको पाईयो । सडकमा आईसकेपछिको शैक्षिक अवस्थाको वितरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### ४.१.४.२ सडकमा आईसकेपछिको शैक्षिक अवस्थाको वितरण

बालबालिकाहरु आफ्नो परिवारको विभिन्न समस्याहरुको कारणले सडकमा आएका हुन्छन । आफ्नो तथा परिवारको आर्थिक जिवनस्तर माथि उठाउन शहर पसेको देखिन्छ तर शहर उनिहरुले सोचे जस्तो नभई पुरै फरक हुने गर्दछ । मिठो खाने, राम्रो लगाउने, पढने र ठुलो मान्छे बन्ने सपना बोकेर सडक पसेका बालबालिकाहरुलाई राम्रो संग पेटभरि खानपनि नसिब हुदैन । त्यैपनि उनिहरुलाई सडकमा आईसकेपछि पढन पाएको छ छैन भनेर अनुसन्धान गरिदा आएको नतिजा लाई तलको तालिकामा देखाईएको छ ।

**तालिका नं. ६**

**सडकमा आईसकेपछिको शैक्षिक अवस्थाको वितरण**

| भर्नाभएको | पुरुष | महिला | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| छ | ० | ० | ० | ० |
| छैन | १५ | ५ | २० | १०० |
| **जम्मा** | **१५** | **५** | **२०** | **१००** |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

माथिको तालिका अनुसार सडक बालबालिकाहरु सडकमा बस्दाबस्दै पनि अध्ययनरत रहेको छ वा छैन भन्ने वितरणमा भर्ना भएको छ भन्नेहरु पुरुष र महिला गरी ० प्रतिशत र छैन भन्नेहरुमा १०० प्रतिशत रहेको छ । पढ्न नपाएका उत्तरदाताहरुको पढ्ने इच्छा छ वा छैन भन्ने वितरण थाहा पाउन खोज्दै आएको तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### ४.१.४.३ पढ्न नपाएका बालबालिकाको पढ्ने इच्छाको वितरण

विद्यालय  गएर पढन पाउनु बालबालिकाहरुको नैशर्गिक अधिकार हो । तर पनि कतिपय बालबालिकाहरु समाज, परिवार तथा आफ्नै काकारणले गर्दा पढन पाईरहेका हुदैनन् । सडकमा आईसकेपछि पनि बालबालिकाहरुमा पढने ईच्छा रहेको पाईयो तर विभिन्न कारणहरुले गर्दा पढन नपायको बताउछन सडक

बालबालिकाहरु । सडकमा आईसकेपछि पढने ईच्छा छ छैन भनेर गरिएको प्रश्नमा बालबालिकाले दिएको उत्तरलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका नं. ७**

**पढ्न नपाएका बालबालिकाको पढ्ने इच्छाको वितरण**

| इच्छा | कुलसंख्या | प्रतिशत |
|---|---|---|
| छ | १७ | ८५ |
| छैन | ३ | १५ |
| **जम्मा** | **२०** | **१००** |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

माथिको तालिका अनुसार पढ्ने इच्छा छ मा ८५ प्रतिशत र छैन मा १५ प्रतिशत रहेको छ । पढ्ने इच्छा हुनेहरु कै बाहुल्यता रहेको देखिन्छ । गरीवीको कारणले पढन नसक्ने भएकोले इच्छा हुदा हुदै पनि पढ्न नपाएको देखिन्छ ।

## ४.१. ५ परिवारको अवस्था

परिवारको आकार जस्तो सुकै भएपनि परिवारको सामाजिक आर्थिक स्थिति राम्रो भएमा परिवारमा आएका समस्याहरु समाधान गर्न सजिलो हुने हुन्छ । तसर्थ यस अध्ययनमा सडक बालबालिकाहरुको परिवारको अवस्थालाई बुझ्ने कोशिस गरिएको छ । जसको वितरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८**

**अविभावक रहेको / नरहेको आधारमा घरेलु कामदार बालबालिकाहरुको वितरण**

| **अविभावकका स्थिति** | **कुलसंख्या** | **प्रतिशत** |
|---|---|---|
| दुवै रहेको | १३ | ६५ |
| बाबुको मृत्यु भएको | ३ | १५ |
| आमाको मृत्यु भएको | १ | ५ |
| दुवैको मृत्यु भएको | ३ | १५ |
| **जम्मा** | **२०** | **१००** |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

मथिको तालिका अनुसार आमा, बाबु दुवै रहेकाहरु ६५ प्रतिशत, बाबुको मृत्यु भएको १५ प्रतिशत, आमाको मृत्यु भएको ५ प्रतिशत र दुवैको मृत्यु भएकाहरु १५ प्रतिशत रहेका देखिन्छ । सबै भन्दा बढी अविभावकहरु रहेकाहरु नै छन् भने दुवै नभएकाहरु १५ प्रतिशत रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने गरीबीका कारण हातमुख जोड्न समेत कठिन भएकाले बालबालिकाहरु सडकमा आउनु पर्ने बाध्यता रहेको देखिन्छ ।

## ४.१. ६. परिवारको प्रकार

जुन घरको एकै छाना मुनि दुई वा दुई भन्दा बढि परिवार वस्दछन जो एकै भान्साको प्रयोग गर्दछन त्यस्ता परिवारलाई संयुक्त परिवार भनिन्छ भने एक परिवार वा वावुआमा र छोरा छोरी मात्र भएको परिवारलाई एकल परिवार भनिन्छ । ग्रामिण भेगका अधिकांस संयुक्त परिवारहरु कमजोर आर्थिक अवस्थाका रहेका हुन्छन उनिहरु परिवारमा जति बढि संख्या हुन्छ त्यति नै बढि आय हुन्छ भन्ने सोचाईले बढि सन्तान उत्पादन गर्दछन जसले गर्दा आफना सन्तानलाई आधारभुत आवश्यकताहरु पुराउन सक्दैनन जसले गर्दा बालबालिकाहरु सडकमा धकेलिन्छन । सामाजिक संरचनामा परिवारको अत्यावश्यक भूमिका रहन्छ । त्यसैले परिवारको प्रकारलाई बुझ्न पनि अत्यावश्यक हुन्छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९**

**सडक बालबालिकाहरुको परिवारको प्रकारको वितरण**

| क्र.स | परिवारको प्रकार | कुल संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | संयुक्त परिवार | १३ | ६५ |
| २ | एकल परिवार | ७ | ३५ |
| **३** | **जम्मा** | **२०** | **१००** |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

माथिको तालिका अनुसार घरेलु बालकामदारहरुको परिवारको प्रकार हेर्दा एकल परिवारमा रहनेको संख्या भन्दा संयुक्त परिवारमा रहनेको संख्या बढि देखिन आएको छ । सडकमा आएका अधिकांस बालबालिकाहरु संयुक्त परिवार बाट आएको देखिन्छ । भने जम्मा ३५ प्रतिशत बालबालिकाहरु एकल परिवार बाट आएका देखिन्छन । अधिकांस संयुक्त परिवारमा सौतेनि बाबु र सौतेनि आमा रहेको पाईयो जसले गर्दा उनिहरुले पाउनु पर्ने जति माया ममता, हेरचाहा नपाउदा सडकमा आउनु परेको देखिन्छ । २० जना बालबालिकाहकरु मध्ये संयुक्त परिवारमा ६५ प्रतिशत र एकल परिवारमा ३५ प्रतिशत देखिन आएको छ ।

## ४.१. ७ अविभावकको शैक्षिक अवस्था

बालबालिकाहरु विभिन्न समस्याका कारण सडक बालबालिकाको रुपमा उभिरहेका छन् । तिनीहरुको काममा रहदा रहदै पढाईलाई निरन्तरता दिनु पर्छ भन्ने मान्यता रहेका पनि देखिन्छ । तर पनि न्यून प्रतिशतले मात्र यसलाई अपनाउन सकिरहेका छन । सडकमा आएका बालबालिकाका अविभावकहरुका पनि आफ्नै किसिमका समस्याहरु छदैछ । शिक्षाले यसमा प्रत्यक्ष असर पार्ने भएको हुँदा त्यस्ता अविभावकहरुको शैक्षिक अवस्था के कस्तो छ भन्ने वितरण थाहा पाउन खोज्दा आएको तथ्याङ्कको वितरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १०

**उत्तरदाताहरुको अविभावकहरुको शैक्षिक अवस्थाका आधारमा वितरण**

| क.स | शैक्षिक अवस्था | बाबु | प्रतिशत | आमा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निरक्षर | ७ | ३५ | १२ | ६० |
| २ | साक्षर | ५ | २५ | ५ | २५ |
| ३ | प्राथमिक | ४ | २० | २ | १० |
| ४ | नि.मा.वि | ३ | १५ | १ | ५ |
| ५ | मा.वि | १ | ५ | - | ० |
| ६ | एस.एल.सी. | - | ० | - | ० |
| **७** | **जम्मा** | **२०** | **१००** | **२०** | **१००** |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

माथिको तालिका अनुसार बाबु तर्फ निरक्षर ३५ प्रतिशत, साक्षर २५ प्रतिशत, प्राथमिक २० प्रतिशत, नि.मा.वि. तर्फ १५ प्रतिशत, मा.वि तर्फ ४६ प्रतिशत र एस.एल.सी. तर्फ ० प्रतिशत रहेको छ। त्यसैगरी आमा तर्फ निरक्षर ६० प्रतिशत, साक्षर २५ प्रतिशत, प्राथमिक १० प्रतिशत, नि.मा.वि. ५ प्रतिशत, मा.वि. ० प्रतिशत र एस.एल.सी ० प्रतिशत रहेको छ । तालिकामा निरक्षरहरुकै बाहुल्यता रहेको देखिन्छ । अधिंकास आमा वुवा निरक्षर भएकोले साक्षरताको महत्व थाहा नपाउदा पनि आफ्नो बालबालिकालाई विद्यालय नपठाउने गरेको पाईयो ।

## ४.१. ८ अविभावकको पेशा

बालबालिकाहरु सडकमा आउनुको कारण अविभाबकको पेशा पनि पर्दछ । परिवारले विभिन्न आधारभुत आवश्यकताहरु तथा बिद्यालयमा पढाउन नसक्दा उनिहरु घरेलु हिंसाको सिकार हुने गर्दछन जसको फलस्वरुप उनिहरु मिठो खाने राम्रो लगाउने र राम्रो जिवन जिउने आशमा शहर पस्ने गर्दछन । बालबालिकाहरु किन सडकमा आए भन्ने जानकारी हासिल गर्न अविभावकअले अपनाउदै आइरहेका पेशाको वितरण थाहा हुन आवश्यक भएकोले तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ११

### अविभावकको पेशाका आधारमा बालबालिकाको वितरण

| पेशा | कुलसंख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ११ | ५५ |
| ज्याला मजदुरी | ८ | ४० |
| जागिर | १ | ५ |
| व्यवसाय | - | - |
| **जम्मा** | **२०** | **१००** |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

मथिको तालिका अनुसार कृषि पेशा अपनाउने ५५ प्रतिशत सबभन्दा बढि रहेको छ । ज्याला मजदुरी गर्ने ४० प्रतिशत, जागिर गर्ने ५ प्रतिशत र व्यवसाय गर्ने ० प्रतिशत रहेको छ । कृषि प्रधान देश भएको कारणले पनि कृषि पेशामा नै बढि उत्तरदाताका अविभावकहरु कृषि पेशामा संलग्नता बढि देखिन्छ । साथसाथै अविभावकहरुमा शिक्षाको कमी रोजगारीको समस्याको कारणले आफू संग भएको सानोतिनो जमिनमा निर्वाह गर्नु पर्ने बाध्यता रहेको देखिन्छ ।

## ४.१. ९ अविभावकको आयस्रोत

परिवारको आयस्रोत लाई पनि बालबालिकाहरु सडकमा आउने प्रमुख कारकका रुपमा लिन सकिन्छ । गरीब भेगका मानिसहरु अशिक्षित को कारणले र विना सिपको कारणले गरीवि जिवन व्यतित गरिरहेका हुनछन । बढि जसो मानिसहरु कृषि, ज्याला मजदुरि गरेर जिविका चलाउदछन त्यसमा पनि काम गरे अनुरुप ज्याला पाउदैनन् । जसले उनिहरु आफनो परिवारको आवश्यकता पुरा गर्न सक्दैनन र बालबालिकाहरु घरपरिवार छोडेर सडकमा आउने गर्दछन् । तलको तालिकामा सडक बालबालिकाहरुको परिवारको मासिक आयलाई देखाईएको छ

तालिका नं. १२

**सडक बालबालिकाहरुको परिवारको आयको वितरण**

| आयको जम्मा मात्रा | संख्या | प्रतिशत |
|---|---|---|
| २००० भन्दा कम | ३ | १५ |
| २०००–३००० | ५ | २५ |
| ३०००–४००० | ६ | ३० |
| ४०००–५००० | ४ | २० |
| ५००० भन्दा बढि | १ | ५ |
| थाहा छैन | १ | ५ |
| **जम्मा** | **२०** | **१००** |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

माथिको तथ्यांकले के देखाउदछ भने ३० प्रतिशत सडक बालबालिकाहरुको परिवारको आय मासिक ३०००–४००० रहेको छ । त्यसै गरि २५ प्रतिशत परिवारको मासिक आय २०००–३००० रहेको देखिन्छ । भने १५ प्रतिशत परिवारको मासिक आय २००० भन्दा कम रहेको देखिन्छ । ५ प्रतिशत परिवारको मात्र ५००० भन्दा बढि आय रहेको देखिन्छ । भने बाकि ५ प्रतिशत बालबालिकाहरुलाई आफ्नो परिवारको मासिक आयस्रोत कति छ भन्ने थाहा नभएको पाईयो । माथिको तथ्यांकले के देखाउदछ भने परिवारको आयस्रोतको कमिको कारणले धेरै जसो परिवारले आफना बालबालिकाहरुको आवस्यकता पुरा गर्न नसक्दा बालबालिकाहरु घर परिवार छोडेर सडकमा आउदछन् ।

## ४.२ समस्या, यसका कारण र परिणाम

नेपालमा बालबालिकाहरु सानै उमेर देखि घरायसि काममा लागेका हुन्छन् । ग्रामिण भुभागका बालबालिकाहरु सानै उमेर देखि नै आप्नो परिवारको आर्थिक स्रोत उकास्नको लागि श्रम गरिरहेका हुन्छन् । घरमा दाउरा बटुल्ने, पानि बोक्ने, गाई बस्तु चराउन, बच्चाहरुको हेरचाह गर्ने आदि काम ग्रामिण भेगका बालबालिकाहरु सानै उमेर देखि गरिरहेका हुन्छन् । बालश्रम एक अपराध हो भन्ने थाहा हुदाहुदै पनि बालबालिकाहरुलाई विभिन्न कारखाना हरुमा काममा लगाईरहेको देख्न सकिन्छ ।

बालबालिकाहरु सडकमा आउने क्रम दिनप्रतिदिन बढिरहेको छ । देशको राजनितिक अवस्था, गरीवि, ग्रामिण भागमा शिक्षाको कमि, बेरोजगारि आदि समस्याको कारणले दिनप्रतिदिन बालबालिकाहरु शहरका सडकमा बढिरहेका छन् । मिठो खाने, राम्रो लगाउने, शहर घुम्ने र परिवारको तनाबबाट बच्न धेरै जसो बालबालिकाहरु गाउँ एब्म आफ्नो परिवार छोडने गर्दछन । यस्ता सडक बालबालिकाहरुको संख्या सहरमा दिनप्रतिदिन बढिरहने हो भने एक दिन यो एक बिकराल समस्याको रपमा देखा पर्ने देखिन्छ । भविष्यका कर्णधार मानिने बालबालिकाहरु सानै उमेरमा सडकमा भित्रिने र विभिन्न लागुपदार्थ दुर्व्यशनमा पस्ने क्रम नरोकिएमा यस्ता बालबालिकाहरुको भविष्य कतातिर जान्छ र यसले भविष्यमा कस्तो बिकराल रुप लिन्छ भन्ने कल्पना सम्म गर्न सकिदैन ।

## ४.२ .१ घर छोड्नुको कारण

काम गरेर पैसा कमाउन, पढ्नको लागि, परिवारलाई औषधि उपचार गर्न, घरायसी झगडा, शहर हेर्ने रहर, साथीहरुको लहलहैमा र अरु अन्य कारणहरुले गर्दा भविष्यका कर्णधारका रुपमा रहेका बालबालिकाहरु सडकमा आश्रित हुनुपरेको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. १३**

**सडकमा आश्रित हुनुपरेका कारणका आधारमा बालबालिकाको वितरण**

| क्र.स | कारण | कुलसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | काम गरेर पैसा कमाउन | ३ | १५ |
| २ | घरायसी झगडा | १ | ५ |
| ३ | अविभावकको मृत्यु | २ | १० |
| ४ | गरिवि | १० | ५० |
| ५ | अरुको लहलहैमा/प्रभावमा | ४ | २० |
| ६ | जम्मा | २० | १०० |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

माथिको तालिका अनुसार काम गरेर पैसा कमाउन १५ प्रतिशत, घरायसी झगडाले ५ प्रतिशत,अविभावकको मृत्युको कारणले १० प्रतिशत, गरीवि को कारणले ५० प्रतिशत, लहलहैमा २० प्रतिशत रहेको छ। गरीवि नै मुल कारण भएकाले बालबालिकाहरु सडकमा आउनु परेको माथिको तालिका बाट पुष्टि हुन्छ।

## ४.२.२ सडकको वासस्थान

सडक बालबालिकाहरुलाई राति सुत्न कहा जान्छौ भन्ने गरेको प्रश्नमा वा वासस्थानको वारेमा जानकारि लिदा उनिहरु पाटिपौवा वा मन्दिर, मालिकको घर, होटल, डेरा आदिमा वस्ने गरेको पाईयो। जसलाई तलको तालिकामा प्रस्टाइएको छ।

**तलिका नं. १४**

**सडक बालबालिकाहरु राति सुत्ने ठाउको वितरण**

| सुत्ने ठाउँ | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| पटिपौवा/मन्दिर | ८ | १ | ९ | ४५ |
| मालिकको घर | १ | १ | २ | १० |
| होटल | २ | १ | ३ | १५ |
| डेरा | ४ | २ | ६ | ३० |
| **जम्मा** | **१५** | **५** | **२०** | **१००** |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

माथिको तालिका अनुसार पटिपौवा/मन्दिरमा ४५ प्रतिशत सडक बालबालिकाहरुले रात विताउने गरेको पाईयो। दिनभरी माग्ने, पलास्टिक उठाउने, गाडि सफा गर्ने, र अन्य काम गर्ने र राति सुत्नको लागि विभिन्न पटिपौवा/मन्दिरमा जाने र सुत्ने गरेको पाईयो। १० प्रतिशत बालबालिकाहरु अरुको घरमा काम गर्ने र त्यहि सुत्ने गरेको पाईयो भने १५ प्रतिशत होटलमा काम गर्ने र त्यहि सुत्ने गरेको पाईयो। ३० प्रतिशत बालबालिकाहरु चाहि आफुभन्दा अग्रज चिनेका दाई दिदिहरुकोमा जो सडकमै काम गर्दछन र जसले कोठा लिएर बसेका छन उनिहरुसंग बस्ने गरेको पाईयो। बढि जस्तो बालबालिका जसको

अभिभावक नरहेको र घर परिवार छोडेर सडकमा आएका हुन्छन त्यस्ता बालबालिकाहरु सडकमै सुत्ने गरेको पाईयो ।

## ४.२ .३ सडक बालबालिकाले गर्ने कामको प्रकृति

सडक बालबालिकाले गर्ने कामको प्रकृतिलाइ हेर्दा प्लाष्टीक उठाउने, होटल ,रेष्टूरन्ट, माग्ने, गाडी सफागर्ने, घरायसी काम गर्ने, पत्र पत्रिका बेच्ने गरेको पाइयो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ

**तालिका नं. १५**

**सडक बालबालिकाले गर्ने कामको प्रकृतिको विवरण**

| **कामको प्रकृति** | **पुरुष** | **महिला** | जम्मा | **प्रतिशत** |
|---|---|---|---|---|
| प्लाष्टीक उठाउने | ७ | - | ७ | ३५ |
| होटल ,रेष्टूरन्ट | २ | १ | ३ | १५ |
| माग्ने | ३ | ३ | ६ | ३० |
| गाडी सफागर्ने | १ | - | १ | ५ |
| घरायसी काम गर्ने | १ | १ | २ | १० |
| पत्र पत्रिका बेच्ने | १ | - | १ | ५ |
| जम्मा | **१५** | **५** | **२०** | **१००** |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

माथिको तालिका अनुसार प्लाष्टीक उठाउने काममा ३५ प्रतिशत, होटल, रेष्टूरन्टमा १५ प्रतिशत, माग्नेमा ३० प्रतिशत, गाडी सफागर्नेमा ५ प्रतिशत, घरायसी काम गर्नेमा १० प्रतिशत, पत्र पत्रिका

बेच्नेमा ५ प्रतिशत रहेको छ । सडक बालबालिकाहरु कुनै एक काम गर्ने नभइ जुनसुकै काममा संलग्नता रहेको देखिन्छ ।

### ४.२ .४ आय स्रोत

सडक बालबालिकाहरुले कति आय गर्दछन भन्नेमा उनिहरुले कस्तो प्रकारको काम गर्दछन त्यसमा भर पर्दछ । उनिहरुको लागि माग्ने काम सबैभन्दा सरलकाम हो भने प्लाष्टिक उठाउने वा फोहोर उठाउने काम गारो तथा खतरनाक काम हो । सडक बालबालिकाहरुको लागि पर्यटक स्थल अन्य ठाउ भन्दा बढि आयआर्जन गर्ने ठाउ हो । साथै बिभिन्न अन्तर्बार्ताको क्रममा पनि उनिहरुले पैसा संकलन गरिरहेका हुन्छन तर बढि पैसा उनिहरु सिनेमा हेर्न,रक्सि, चुरोट तथा विभिन्न दुर्व्यसनका बस्तुमा खर्च गर्ने गर्दछन् ।

**तालिका नं. १६**

**सडक बालबालिकाले गर्ने कामको आधारमा आएको बिवरण**

| आयको स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| २० भन्दा कम | ३ | १५ |
| २०-५० | ६ | ३० |
| ५०-८० | ४ | २० |
| ८०-१०० | ४ | २० |
| १००ं | ३ | १५ |
| जम्मा | २० | १०० |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

माथिको तालिका अनुसार मासिक २० भन्दा कम पारिश्रमिक प्राप्त गर्ने १५ प्रतिशत, ५० सम्म प्राप्त गर्ने ३० प्रतिशत, ८० सम्म प्राप्त गर्ने २० प्रतिशत, १०० सम्म प्राप्त गर्ने २० प्रतिशत र १०० भन्दा माथि प्राप्त गर्ने १५ प्रतिशत रहेको छ । २०-५० प्राप्त गर्ने सडक बालबालिकाहरु कै बाहुल्यता रहेको छ ।

विभिन्न कार्य गर्दा पनि आएको पैशाले खान समस्या परेको दिन उनिहरु वढि पैशा आउने ठाउ वा पाउने ठाउहरु जस्तै गोपिकृष्ण, पशुपति मन्दिर जाने गरेको पाईयो । जहा बढि जस्ता युवायुवतिहरु मनोरञ्जनको लागि आउने र पैशा पनि दिने हुनाले त्यस्ता ठाउमा बढि जाने गरेको देखिन्छ । बालकामदारहरुले प्राप्त गर्ने गरेको रकम खाना , चुरोट, कपडा , रक्सी, मनोरञ्जन, औसधिउपचारमा खर्च गर्ने गरेको देखिन्छ ।

### ४.२ .५ खर्चको विवरण

सडक बालबालिकाहरु जसको आफ्नो घर छैन, कुरा गर्ने परिवार छैन, हेरचाह गर्ने मान्छे छैन तिनिहरु पुरै समय डुलेर बिताउने गर्दछन् । त्यस्ता बालबालिकाहरु जो आर्थिक संकटको कारणले घरपरिवार छोडेर सडकमा आएका हुन्छन उनिहरु पुरै दिन पैसा कमाउनमा लागेका हुन्छन् । धेरै जसो सडक बालबालिकाहरु खानाको लागि पैसा बटुल्दछन भने कोहि कपडाको लागि त कोहि चलचित्र को लागि पैसा खर्च गरिराखैका हुन्छन् । प्राय बालबालिकाहरु मागेको पैसाले चुरोट, सुर्ति, रक्सि, ग्लु, गम आदिमा खर्च गरिरहेका हुन्छन् । तलको तालिकामा सडक बालबालिकाहरुले के के मा खर्च गर्दछन् भन्ने देखाइएको छ ।

**तलिका नं. १७**

**आयको आधारमा उत्तरदाताको खर्चको विवरण**

| **खर्च** | **प्रतिशत** |
|---|---|
| खना | ३५ |
| चुरोट | १० |
| कपडा | १५ |
| रक्सी | १० |
| मनोरञ्जन | १५ |
| औसधि उपचार | ५ |
| हराउने | ५ |
| अन्य | ५ |
| **जम्मा** | **१००** |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

मथिको तालिका अनुसार आयको आधारमा उत्तरदाताको खर्चको विवरणलाई हेर्दा खानामा खर्च गर्ने ३५ प्रतिशत, चुरोटमा १० प्रतिशत, कपडामा १५ प्रतिशत, रक्सीमा १० प्रतिशत, मनोरञ्जनमा १५ प्रतिशत, औसधि उपचारमा ५ प्रतिशत, हराउनेमा ५ प्रतिशत र अन्यमा खर्च गर्ने ५ प्रतिशत रहेको छ । बालबालिकाहरुले बिभिन्न माध्यमबाट प्राप्त गरेको आय भबिष्यको लागि बचत गर्ने नभएर बिभिन्न प्रकारका दुर्व्यसनका बस्तुहरुमा खर्च गर्ने गरेको पाइन्छ । सर्वेक्षणको क्रममा अधिकांस बालबालिकाहरु भविष्यको बारेमा चिन्ता नगर्ने र रमाइलो गरेर समय बिताउने गर्ने गरेको पाइयो ।

## ४.२.६ सडक बालबालिकाहरुले भोग्नु परेका मुख्य समस्याहरु

सडक बालबालिकाहरु सडकमा आईसकेपछि उनिहरुले बिभिन्न प्रकारका समस्याहरु संग जुधिरहेका छन । बालबालिकाहरु सडकमा आइसकेपछि उनिहरुले भोग्नु परेका मुख्य समस्याहरुलाइ यसप्रकार देखाइको छ ।

### ४.२.६.१ दुर्व्यबहार

हामि सबैलाई थाहा छ कि सडकबालबालिकाहरु ले सडकमा थुप्रै किसिमका दुर्व्यबहारहरु भोग्नु परेको छ । उनिहरुले यौनिक शोषण, घटक संक्रमण, लागुपदार्थ सैबनमा जोड, बिभिन्न सारिरीक रोगहरुको संक्रमण आदि समस्याहरु भोगिरहेका छन् । बालबालिकाहरुको लागि सडक बस्नको लागि उपर्युक्त ठाउँ होईन । सडकमा बालबालिकाहरुले बिभिन्न प्रकारका सारीरिक तथा मानसिक दुर्व्यबहारहरु भोग्नु परेको छ ।

**तालिका नं. १८**

**सडक बालबालिकाहरुलाई दुर्व्यबहार गर्ने कारकहरुको वितरण**

| दुर्व्यबहारको कारक | संख्या | प्रतिशत |
|---|---|---|
| स्थानिय मान्छे | १३ | ६५ |
| पर्यटक | २ | १० |
| प्रहरी | ५ | २५ |
| **जम्मा** | **२०** | **१००** |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

मथिको तालिका अनुसार स्थानिय मान्छे बाट दुर्व्यबहार हुने बालबालिका ६५ प्रतिशत, पर्यटक बाट १० प्रतिशत, प्रहरी बाट २५ प्रतिशत रहेको देखिन्छ । यसकारण उनिहरु एस्ता दुर्व्यबहारबाट बच्न सकेसम्म त्यस्ता व्यक्तिहरुबाट टाढा रहने कोशिस गर्दछन । सडक बालबालिकाको भनाइ अनुसार मानिसहरुले उनिहरुलाइ खाते, खलासि, भाते, आवरा आदि जस्ता सव्दहरुले गालि गर्ने गर्दछन जसले गर्दा उनिहरु आफैलाई अपमानित बोध गर्दछन् ।

## ४.२.६.२  बाल शोषण

सडक बालबालिकाहरुलाई बिना पारिश्रमिक काममा लगाउने गरिन्छ । उनिहरु आफ्नै अग्रज साथिहरुबाट पनि लादिएका हुन्छन् । उनिहरुको जिबन नै खतरामए हुने किसिमका काम गर्न पनि उनिहरुलाइ लगाइन्छ । त्यस्ता खतरा ठाउहरु तथा कामहरु गदा कहिलेकाहि उनिहरु दुर्घटनामा पर्ने तथा ज्यान समेत गुमाएको देखिन्छ । यदि सडक बालबालिकाहरु ले आफ्नो क्षमता अनुसारको कार्य गर्ने हो भने आफ्नो जिबन केहि हद सम्म राम्रो बनाउन सक्छन । आफ्नै तरिकाले श्रम गरि कमाएका रकम पनि आफ्ना अग्रजहरुले लुटिदिन्छन् । समाजले उनिहरुलाइ हेर्ने दृष्टिकोण, हेप्ने प्रवृति, आदि कारणले उनिहरुको समाज प्रतिको सोचाइ नै नकारात्मक भएको देखिन्छ । सडक बालबालिकाहरुको अनुसार कसैले पनि उनिहरुको समस्याहरुलाइ बुज्दैनन् र बुज्न चाहादैनन् ।

## ४.२.६.३ लैङ्गिक भेदभाव

हाम्रो समाजमा बालबालिकाहरुलाई गर्भ अवस्था देखिनै भेदभाव गर्ने गरिन्छ । छोरा भए खुसि र छोरि भए दुखि हुने गरिन्छ । छोरा लाई सुखको साधन र छोरिलाई दुखको पहाडका रुपमा लिने गरिन्छ । हाम्रो समाजमा गर्भ रहेदेखि जन्मे पछि र जिवनको अन्तिम क्षण सम्म पनि लिंगको आधारमा भेदभाव गर्ने गरिन्छ । छोरालाई पढाउने र छोरिलाई कामकाजमा लगाउने परिपाटि हाम्रो समाजमा रहेको छ । त्यसमा पनि ग्रामिण भेगमा त झन छोरिलाई पढाउनु भनेको पाप कमाउनु संगपनि दाज्ने गरिन्छ हाम्रो समाजमा ।

बालबालिकाहरु सडकमा आईसकेपछि पनि उनिहरुलाई लिंगको आधारमा भेदभाब गर्ने गरिन्छ । केटाहरुले केटिहरुलाई पिटने, लखेटने, यौन शौषण गर्ने गर्दछन । सडकमा आईसकेपछि पनि समाजले बालिकाहरुलाई धृणित दृष्टिकोणले हेर्ने गर्दछन । जसको कारणले बालिकाहरुले तल्लो दर्जाको काम पाउदछन र त्यस्तै काम गर्दछन ।

### ४.२.६.४ स्वास्थ्य

सडक बालबालिकाहरु आफ्नो काम गर्ने तरिका, उनिहरुको बस्ने तरिका, तथा खानपानका तरिकाले विभिन्न रोगहरुको सिकार तथा यौन शोषणको सिकार भएका देखिन्छन् । सानै उमेरमा बिभिन्न दुर्व्यशनको सिकार, वाताबरण प्रदुषण, को कारणले उनिहरुमा बिभिन्न प्रकारका रोगहरु जस्तै फोक्सोको समस्या, कलेजोको समस्या, आखाँ पाक्ने, टाउको दुख्ने, निमोनियाको समस्या आदि बाट ग्रसित देखिन्छन् । बालबालिकाहरु लाई आफु बिरामि भएको बेला कहा उपचार गर्न जान्छौ भनेर सोधिएको थियो । जसलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका नं. १९**

**सडक बालबालिकाहरु उपचारको लागि जाने ठाउँको वितरण**

| ठाउँ | संख्या | प्रतिशत |
|---|---|---|
| सरकारी हस्पिटल | ४ | २० |
| निजि उपचार घर | १ | ५ |
| चिकित्सक | १५ | ७५ |
| **जम्मा** | **२०** | **१००** |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७२**

माथिको तालिका अनुसार सडक बालबालिकाहरु उपचारको लागि सरकारी हस्पिटलमा २० प्रतिशत, निजि उपचार घरमा ५ प्रतिशत र चिकित्सककोमा ७५ प्रतिशत जाने गरेको पाइयो । आफुलाइ बिसन्चो हुदा अन्य ठाउँमा जादा थाहा नहुनाले नजिकैको चिकित्सककोमा गइ औसधि किनेर खाने गरेको पाइयो ।

### ४.२.६.५ गरीबि

धेरै जसो बालबालिकाहरु गरिबिकै कारणले आफनो घर परिवार समाज छोडेर शहर पसेका हुन्छन् । शहरमा पनि सडकका गल्लि गल्लिमा भौतारी रहेका हुन्छन् । केहि गरेर खाने सपना बोकेर शहर पसेका त्यस्ता बालबालिकाहरुलाई समाजले झनझन गरिब बनाईरहेको हुन्छ । शहरले उनिहरुलाइ चुसेर खोको बनाइरहेको हुन्छ ।  केहि गरेर ठुलो मान्छे बन्ने सपना बुनेर शहर छिरेका कतिपय बालबालिकाहरुलाई उनिहरुले केहि गर्न नपाउदै समाजले झन पिडित बनाउदछ र समाजबाटै अपेहिलित, तिरस्कृत बन्न पुग्दछ । एउटा गरिब परिवारको बालक झनझन गरिब हुन पुग्दछ जसलाई नत साथिसंगिहरुले नत समाजले नत राष्ट्रलेनै अगाडि बढन मद्धत गर्दछ । भोलिका कर्णधार मानिने बालबालिकाहरु सडकका गल्लि गल्लिमा दुर्व्यशनमा फसेर समाजलाईनै दुर्गन्धित बनाईरहेका हुन्छन् । बालबालिकाहरु गरीबिमै रहनुमा सामाजनै दोषि देखिन्छ । सडकमा आईसकेपछि बालबालिकाहरुको आर्थिक अवस्था झन कमजोर हुने कारणहरु :

क) श्रम गरे अनुसारको ज्याला नपाउनु ।

ख) श्रम गरि कमाएको पैशा पनि अरुले चोरिदिनु वा लुटिदिनु ।

ग) काम गरेर खाने वातावरण नहुनु ।

घ) आफ्ना अग्रज साथिहरु तथा समाजबाटनै उपेक्षित हुनु ।

# अध्याय ५

# सारांश र निस्कर्ष

ब्याख्या बिश्लेषण तथा डाटाहरुको प्रस्तुतिकरणको आधारमा निम्न सारांश तथा निस्कर्ष पेस गरिएको छ ।

## ५.१ सारांश

सडक बालबालिकाहरुको स्थिति बुझ्नको लागि यो अध्ययन गरिएको हो । यसको उद्देश्य सडक बालबालिकाको सामाजिक अवस्थाको बारेमा चित्रण गर्ने, बालबालिका सडकमा आश्रित हुनुपरेका कारकहरु पत्तालगाउनु रहेको छ । यो अध्ययन का.म.न.पा. अन्तर्गतको पशुपति क्षेत्रलाइ केन्द्रीत गरिएको छ । कार्यक्षेत्रका ५-१६ उमेर समुहका २० जना सडक बालबालिकाहरुलाइ लिएर यो अध्ययन गरिएको छ जसमा १५ जना बालक र ५ जना बालिका समेटिएका छन ।

सडक बालबालिकाहरुको अनुसन्धान गर्ने सन्दर्भमा गुणात्मक तथ्यांक, संख्यात्मक तथ्यांक तथा सुचनाहरुलाइ प्रयोग गरि सडक बालबालिकाहरुको महत्वपुर्ण सुचना प्रस्तुत गर्ने प्रयास यस अध्ययनमा गरिएको छ ।

जिल्लाका आधारमा हेर्दा अध्ययन गरिएका बालबालिकाहरु कञ्चनपुर बाट ३० प्रतिशत, दाङ बाट १० प्रतिशत, रसुवा बाट १५ प्रतिशत, सिन्धुलि बाट १५ प्रतिशत, सल्यान बाट १० प्रतिशत र नुवाकोट बाट २० प्रतिशत आएका देखिन्छ । यसबाट यो प्रष्ट हुन्छ की काठमाडौसम्म यातायातको सुविधा हुने ठाउँबाट बढी कामको खोजीमा आउने गर्दछ । बालबालिकाहरु प्रायजसो पश्चिम तराईका जस्तै कञ्चनपुर, दाङ्ग, कैलालीका मुख्य सुकुम्बासीहरुको संख्या बढी हुनाले तराईको प्रतिनिधित्व बढी गरेको देखिन्छ । पहाडका बालबालिकाहरु मुख्य तया भारत तर्फ कामको खोजिमा जाने गरेको पाईयो किनकी उनीहरुको अग्रजहरु पहिले देखिनै भारत तर्फ रोजगारीको लागि जाने गर्दथे ।

उमेर र लिंगको आधारमा ५-९ उमेर समुह १० प्रतिशत, ९-१२ उमेर समुह २५ प्रतिशत, १२-१४ उमेर समुह ३५ प्रतिशत र १४ बर्ष माथिका ३० प्रतिशत रहेको देखिन्छ । १२ देखि १४ उमेर समुहका बालबालिका जो कमजोर आर्थिक अवस्थाको कारणले आफनो ठाउबाट बसाईसरेर आएका हुन्छन उनिहरु सडक बालबालिकाका रुपमा स्थापित हुन्छन् ।

त्यसैगरि जाति तथा जनजातिका आधारमा नेवार ३० प्रतिशत, ब्राम्हण /क्षेत्री ३० प्रतिशत, मगर २५ प्रतिशत र दलित १५ प्रतिशत रहेका छन । सडक बालबालिकाहरुको शैक्षिक अवस्थाको वितरणलाइ हेर्दा निरक्षर ५० प्रतिशत, साक्षर ३५ प्रतिशत, प्राथमिक १५ प्रतिशत, नि.मा.बि. ० प्रतिशत, रहेको छ । गरीवी र ठूलो परिवारको कारणले पढन नपाएका हुनाले निरक्षरको प्रतिशत बढी देखिन्छ । उत्तरदाताहरु पढ्नका लागि विद्यालयमा भर्ना नभएको कारणको वितरणलाई हेर्दा आर्थिक अवस्था कमजोरमा ५० प्रतिशत, अभिभावकले नपठाएर १० प्रतिशत, इच्छा नभएरमा २० प्रतिशत र केहि थाहा छैनमा २० प्रतिशत रहेको देखिन्छ । त्यसैगरि सडक बालबालिकाहरु सडकमा बस्दाबस्दै पनि अध्ययनरत रहेको छ वा छैन भन्ने वितरणमा भर्ना भएको छ भन्नेहरु पुरुष र महिला गरी ० प्रतिशत र छैन भन्नेहरुमा १०० प्रतिशत रहेको छ । पढ्न नपाएका उत्तरदाताहरुको पढ्ने इच्छा छ वा छैन भन्ने वितरण थाहा पाउन खोज्दै आएको तथ्याङ्क अनुसार पढ्ने इच्छा छ मा ८५ प्रतिशत र छैन मा १५ प्रतिशत रहेको छ ।

त्यसैगरी सडक बालबालिकाहरुको परिवारको अवस्थालाइ हेर्दा आमा, बाबु दुवै रहेकाहरु ६५ प्रतिशत, बाबुको मृत्यु भएको १५ प्रतिशत, आमाको मृत्यु भएको ५ प्रतिशत र दुवैको मृत्यु भएकाहरु १५ प्रतिशत रहेका देखिन्छ । सबै भन्दा बढी अविभावकहरु रहेकाहरु नै छन् भने दुवै नभएकाहरु १५ प्रतिशत रहेको छ । सडक बालबालिकाहरुको परिवारको प्रकारको वितरण संयुक्त परिवारमा ६५ प्रतिशत र एकल परिवारमा ३५ प्रतिशत देखिएको छ । त्यसैगरी उत्तरदाताहरुको अविभावकहरुको शैक्षिक अवस्थाको बारेमा हेर्दा बाबु तर्फ निरक्षर ३५ प्रतिशत, साक्षर २५ प्रतिशत, प्राथमिक २० प्रतिशत, नि.मा.वि. तर्फ १५ प्रतिशत, मा.वि तर्फ ४६ प्रतिशत र एस.एल.सी. तर्फ ० प्रतिशत रहेको छ । त्यसैगरी आमा तर्फ निरक्षर ६० प्रतिशत, साक्षर २५ प्रतिशत, प्राथमिक १० प्रतिशत, नि.मा.वि. ५ प्रतिशत, मा.वि. ० प्रतिशत र एस.एल.सी ० प्रतिशत रहेको छ । सडकमा आश्रित बालबालिकाको अविभावकअले अपनाउदै आइरहेका पेशाको वितरणलाइ हेर्दा कृषि पेशा अपनाउने ५५ प्रतिशत सबभन्दा बढि रहेको छ । ज्याला मजदुरी गर्ने ४० प्रतिशत, जागिर गर्ने ५ प्रतिशत र व्यवसाय गर्ने ० प्रतिशत रहेको छ ।

बालबालिकाहरु सडकमा आश्रित हुनुपरेका कारणको वितरण हेर्दा काम गरेर पैसा कमाउन १५ प्रतिशत, घरायसी झगडाले ५ प्रतिशत, अविभावकको मृत्युको कारणले १० प्रतिशत, गरीवि को कारणले ५० प्रतिशत, लहलहैमा २० प्रतिशत रहेको छ । त्यसैगरी सडक बालबालिकाले गर्ने कामको प्रकृतिलाइ हेर्दा प्लाष्टीक उठाउनेमा ३५ प्रतिशत, होटल, रेष्टूरन्ट १५ प्रतिशत, माग्ने ३० प्रतिशत, गाडी सफा गर्ने ५ प्रतिशत, घरायसि काम गर्ने १० प्रतिशत र पत्र पत्रिका बेच्नेमा ५ प्रतिशत रहेको देखिन्छ ।

सडक बालबालिकाले गर्ने आयको बारेमा गरिएको अध्ययनमा २० भन्दा कम आय गर्नेमा १५ प्रतिशत, २०-५० आय गर्नेमा ३० प्रतिशत, ५०-८० आय गर्नेमा २० प्रतिशत, ८०-१०० आय गर्नेमा २० प्रतिशत र १०० भन्दा माथि आय गर्नेमा १५ प्रतिशत रहेको छ । विभिन्न कार्य गर्दा पनि आएको पैशाले खान समस्या परेको दिन उनिहरु वढि पैशा आउने ठाउ वा पाउने ठाउहरु जस्तै गोपिकृष्ण, पशुपति मन्दिर जाने गरेको पाईयो । जहा बढि जस्ता युवायुवतिहरु मनोरञ्जनको लागि आउने र पैशा पनि दिने हुनाले त्यस्ता ठाउमा बढि जाने गरेको देखिन्छ । बालकामदारहरुले प्राप्त गर्ने गरेको रकम खाना , चुरोट, कपडा , रक्सी, मनोरञ्जन, औसधिउपचारमा खर्च गर्ने गरेको देखिन्छ

आयको आधारमा उत्तरदाताको खर्चको विवरणलाइ हेर्दा खानामा खर्च गर्ने ३५ प्रतिशत, चुरोटमा १० प्रतिशत, कपडामा १५ प्रतिशत, रक्सीमा १० प्रतिशत, मनोरञ्जनमा १५ प्रतिशत, औसधि उपचारमा ५ प्रतिशत, हराउनेमा ५ प्रतिशत र अन्यमा खर्च गर्ने ५ प्रतिशत रहेको छ । बालबालिकाहरुले बिभिन्न माध्यमबाट प्राप्त गरेको आय भबिष्यको लागि बचत गर्ने नभएर बिभिन्न प्रकारका दुर्व्यसनका बस्तुहरुमा खर्च गर्ने गरेको पाइन्छ । सर्वेक्षणको कममा अधिकांस बालबालिकाहरु भविस्यको बारेमा चिन्ता नगर्ने र रमाइलो गरेर समय बिताउने गर्ने गरेको पाइयो ।

सडक बालबालिकाहरु सडकमा आईसकेपछि उनिहरुले बिभिन्न प्रकारका समस्याहरु संग जुधिरहेका छन । बालबालिकाहरु सडकमा आइसकेपछि उनिहरुले भोग्नु परेका मुख्य समस्याहरुलाइ देखाउदा बालबालिकाहरुले सडकमा विभिन्न दुर्व्यवहारहरु, वालशोषण, लैगिंक भेदभाव, स्वास्थ्य समस्याहरु भोगिरहेको देखिन्छन ।

सडक बालबालिकाहरुलाई उचित शिक्षा दिलाउनु पर्दछ र ठूलो भएपछि उनीहरुको योग्यता र दक्षता अनुसार राम्रो काममा लगाईनु पनि हाम्रो कर्तव्य हो । बालबालिका भविष्यका बलिया स्तम्धहरु हुन्, जस्को उचित पालन, पोषण, शिक्षा, स्वास्थ, मनोरञ्जन जस्ता सबै प्रकारका अधिकारहरु उपलब्ध गराएर उज्यालो भविष्यतिर डोऱ्याउनु पर्दछ भन्ने कुराको ज्ञान हुनु पर्दछ । उल्लङ्घन् गर्नेलाई कडा कारवाही गरिनु पर्दछ र यस प्रति प्रत्येक नागरिक सरकारी तथा गैर सरकारी संघ, संस्थान तथा राज्यले सचेत रहेर सडक बालबालिका उन्मूलन गर्न विश्वव्यापी रुपमा आन्दोलन गर्नु पर्दछ ।  बालकल्याणकारी संस्थाहरु खोलिनु पर्ने कुरा यस अध्ययनले देखाउदछ ।

## ६.२ निष्कर्ष

सडक बालअधिकार आन्दोलन शुन्यबाट शुरुभएको अभियान हो । नेपालको सन्दर्भमा बालअधिकार आन्दोलन धेरै नै व्यवस्थीत क्रियाशिल रुपमा अगाडी बढीरहेको छ । बालअधिकार संग सम्बन्धीत प्रश्नहरुलाई विस्तृत गर्न सम्म सफल चाही भएको देखिन्छ त्यसैले होला वि.सं २०६३ को अन्तरीम संविधानले यसका कतिपयहरुलाई संस्थापन गर्न सफल भएको छ । नेपालको बाल अधिकार सम्बन्धी आन्दोलनले खोजेको सवै कुरा त प्राप्त भएको त छैन तर धेरैकुराहरु प्राप्त गर्न सफलता प्राप्त भएको छ । यो अभियान र बालअधिकार सम्बन्धी आन्दोलनलाई शशक्त र व्यवस्थित गर्ने थुप्रै संस्थाहरु छन् । अहिले सम्मका सहस्राव्दी लक्ष्यका अभियानहरुसंग बालबालिकाहरुको अधिकारलाई कसरी जोड्ने भन्ने कुरा पनि छ र भर्खरै संयुक्त राष्ट्रसंघको अन्तराष्ट्रिय रुपमा पोष्ट २०१५ अर्थात सन् २०१५ पछाडीका दशकको निम्ती विकासका लक्ष्यहरु के हुनुपर्छ भन्ने बारेमा छलफल सिवीनले गरीरहेको छ ।

१४ वर्ष भन्दा मुनिका बालबालिकालाई काममा लगाउन हुदैन । सम्पूर्ण बालबालिकाले आफ्नो अधिकारहरुको उपभोग गर्न पाउनु पर्छ भन्ने संन्धीहरुमा सरकारले सही गरीसकेको छ । बालबालिकाका अधिकारका सम्पूर्ण कुरा कानूनमा उल्लेख गरीसकिएका छन् । व्यवहारमा लागु गराउने तर्फ अझै आवश्यक ध्यान पुगेको छैन । नेपाली बालबालिका मुद्राका विषयमा अहिले उठाइरहेका एजेण्डाहरु प्रश्नहरु सिर्जना गरिरहेका बहसहरु भनेको एकदमै प्रसंशा गर्न योग्य छन् तर ति सवै राम्ररी कार्यन्वयन हुन सकिराखेका छैनन् । बालबालिकाहरुलाई शोषण दुर्व्यहार र हेला नहो भन्नका लागि कानून बन्ने र कार्यन्वयन नहुने र अन्तराष्ट्रिय सन्धीमा हस्ताक्षर गर्ने र त्यो पालना नहुने गरेको छ । यो बाल अधिकारको निमित्त कमजोर पक्ष हो (सविन स्मारिका २०६९) बालअधिकार क्षेत्रका सवै कार्य कार्यन्वयन हुन र राज्यले उत्तर दायित्व नलिनु कार्यन्वयनको पक्षमा कमजोरी भएको देखिन्छ ।

अझै नेपालमा बालबालिकाहरु सडकमा आउन रोकिएका छैनन । बालबालिकाको हक हितको संरक्षण गर्न निर्देशिकामा विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाचाँ र कार्यन्वयन निर्देशिका २०६८ लागु गरिएको छ ।

बालबालिकाहरु मध्ये थोरैलाई मात्र आफ्नो भविष्य निमार्णको लागि अनुकुल बातावरण मिलेको छ । गरिबी, आमाबाबुमा शिक्षाको कमी, बालबालिकाहरु पंति जिम्मेवारीपूर्ण भावनाको अभाव, विद्यमान सामन्ती, आर्थिक, राजनैतिक संरचना तथा परम्परागत पछौटेपन जस्ता कारणले गर्दा २१ औं शताब्दिको

पूर्वाद्धमा पनि धेरै संख्यामा नेपाली बालबालिकाहरु शहरमा फोहरको थुप्रोमा प्लास्तिकका थैला बटुल्ने, टेम्पो खलाँसी, भरिया, मन्दिरमा पैसा टिप्ने घरायसी काम गर्ने, रेष्टुरामा काम गर्ने, गाडीको सुरक्षाको चौकिदारी गर्ने, निमार्ण कार्यको मजदुरी, ईट्टा टायल कारखानामा मजदुरी, गलैचा फ्याक्ट्रीका कामदार, सिनेमाको टिकट बेच्ने, रोडा गिट्टी कुट्ने, मगन्ते हुने, ग्रामिण क्षेत्रमा हलो जोत्ने, खेतीवातीका काम गर्ने गरेको नमिठो यर्थाथ कुनै पनि सचेत नेपाली नागरिकको आखाँ देखी ओभ्फेल परेको छैन । हो हामी सबैको लागि चुनौतीको विषय बनेको छ ।

सडक बालबालिका भन्नाले सडकमै काम गर्ने, खाने, बस्ने भन्ने बुझिन्छ र सडकमा काम गर्ने सबै सडक बालबालिकाहरुको समाजिक स्थिति समान हुने गर्दछ । उनिहरुको ठाउँ र परिवेश अनुसार आर्थिक स्थिति फरक रहेपनि समाजिक स्थिति भने समान रहेको देख्न सकिन्छ । उनिहरुले गर्ने काम, बस्ने वासस्थान तथा साथि संगिहरुको सम्बन्ध र समाजसंगको उनिहरुको सम्बन्ध सबै ठाउमा समान रहेको देख्न सकिन्छ । जुनसुकै ठाउमा पनि सडक बालबालिकाहरुलाई समाजले समान नजरले हेर्ने वा अपहेलित गर्ने गरेको देख्न सकिन्छ ।

अधिकांस बालबालिकाहरु गरिवि को कारणले गर्दा घरपरिवार छोडेर शहर पसेका हुन्छन । सडक आईसकेपछि पनि बालबालिकाहरुले धेरै समस्याहरु संग जुधिरहेका छन । जुन सपना बोकेर उनिहरु घरपरिवार छोडेर शहर पसेका हुन्छन त्यहा पुगेपछि उनिहरु विविध कारणबस सडकमा आश्रित हुन पुग्दछन । सडकमा आईसकेपछि कसैले काम नदिने, मागेर कमाएको पैशापनि अरुले लुटिदिने, आफुभन्दा अग्रज दाईहरुले पाएक पर्ने स्थानमा काम गर्न नदिने वा लखेटने जस्ता विविध समस्याहरु उनिहरुले भोगिरहेका छन । लाउन खानका लागि एक ठाउबाट अर्को ठाउमा भौतारिनु उनिहरुको दिनचर्या बनेको देखिन्छ । सडक बालबालिकाहरुको लागि काम गर्ने भनेर आएका थुप्रै ब्यक्ति, संघ संस्थाहरुले पनि बालबालिकाहरुको समस्याअनुरुप काम नगर्ने वा उनिहरुलाई लक्षित गरि कुनै कार्यक्रम सम्पन्न नगर्ने गरेको तितो यथार्त सडकमा त्यस्ता बालबालिकाहरुलाई देखेर अनुमान गर्न सकिन्छ । सडक बालबालिकाहरुको लागि निति नियमहरु बन्ने, उनिहरुको लागि कार्यक्रमहरु चलाउने तर सडकमा बालबालिकाहरुको संख्या दिनप्रतिदिन वढिरहनु र सडकमा बालबालिकाको स्थिति दिनप्रतिदिन कमजोर भईरहनुले समाज कतातिर गईरहेको छ भन्ने सजिलै अनुमान गर्न सकिन्छ ।

ग्रामिण तथा दुर्गम क्षेत्रमा चर्को गरिबीको कारण खान र बस्नको लागि मात्र पनि यस्तो काम गर्न उनीहरु शहर पसेका छन् । राज्यबाट पाउने सुविधा, अवसर र संरक्षणबाट विमुख बनेका छन्, उनीहरु । परिवारको विखण्डन, टुहुरो, सौतेलो व्यवहार, प्राकृतिक प्रकोप तथा युद्धले यी गरिब बालबालिकालाई सडकमा आउन बाध्य तुल्याएको छ । घरको अधिक भार यी बालबालिका बोकिरहेका छन् । स्कूल जाने उमेरका यी बालबालिकाहरु पढ्नै छाडेर छाक्को जोरजाम गर्न यस्तो काम गरिरहेका छन् । भोलिको भविष्यको बारेमा सोच्ने यिनीहरुलाई न त समय छ न त परिस्थिति र वातावरण नै छ । शहरी क्षेत्रमा यसरी काम र दामको खोजीमा पहाड, तराई, मधेश, हिमाल तथा विभिन्न ग्रामिण क्षेत्रबाट ठूलो संख्यामा औरीएका छन् । यस्ता बालबालिकाहरु कतिपय साक्षर भएका पनि यहाँ उनीहरुले स्कूल जान पाएका छैनन् ।

आफ्नो घरको अभाव देखि टाढा यहाँ राम्रो लाउने मिठो खान पाउँने, शहर बजार देख्न पाउने, कारण उनीहरु आफ्नो घर जान चाहदैनन् । अधिकांस सडक बालबालिकाहरु अधिकाहरुबाट बञ्चित छन् । उनीहरुले शारिरीक तथा मानसिक यातनाहरु भोग्नु परेको छ र माया स्नेह र साहानुभुति गुमाएका छन् । जस्ते परिणाम स्वरुप उनीहरुको मनोविज्ञानमा प्रतिकुल असर पर्न गएको छ । यस्तै अवस्था रहेमा भोलि बालबालिकाहरु काम नलाग्ने जमात बन्न पुग्छन् र भोलि समाज तथा राष्ट्रमा कुनै योगदान दिन योग्य बन्न सक्दैनन्  मात्र जनसंख्याको भार बन्ने छन् । बालबालिकाहरु लाई सडकमा आउन सरकारले रोक्न नसके यो समस्याले जरो गाडेर, फैलदै जाने छ । त्यस कारणले आज देखि प्रत्येक नागरिक तथा राज्यले सजक भै समाधान गर्न अघि बढ्नु पेर्न देखिन्छ ।

# सन्दर्भ सामाग्री


Aptekar,L.(1988). *Street Children of Cali*, *Durhamand*. London : Duke University Press .

Asian Development Bank. (2003). *Working with street children exploring ways for ADB assistance.* Manila: ADB.

Aptekar,L.(2000*). Street children in finland : A global view of street children in the year 2000.* Retrieved February 8,2008, From http:/www.sjsu.edu/faculty/laptekar/download/streetchildrenfinland.pdf

Anwar,M.(2002). *The review of the street children*. Karachi: Daily Dawn.

Asian Development Bank. (2003). *Working with street children exploring ways for ADB assistance.* Manila: ADB

Abro Ali, Amir(2012). *The Problem of Street Children: A Sociological Study of Urban Sindh*. Karachi: University of Karachi.

BHARGAVA, P. H.(2003). *The Elimination of Child Labour: Who's Responsibility*: *A Practical Work Book*. London: Sage Publications

Baniya,S.(2010). *Street children in Nepal Facing Poor Condition*.ed. Lin Zhi. *Xinhua.* English.news.com (an E-Journal). Logged on 23 March, 2010.

Child Workers in Nepal Concerned Centre(2010)*. A study on the sexual absuse of street boys in Kathmandu.* Kathmandu : CWIN

Child Protection Centers and Services(2012).*The Street Children of Nepal "Anthroposociological Study of Social, Cultural and Communicational Practices*. Child Protection Centers and Services,Kathmandu.

De Benitez, S.T. (2007). *State of the world's street children: violence*. *Consortium for street.* London: Latimor Trend, Plymouth.

De Benitez, S.T. (2011). *State of the world's street children: research.* London: Consortium for street children.

International Labor Organization/IPEC.(1995).Child Labor In Nepal, ILO/Nepal Volume 1, August 22-25, Kathmandu : ILO.

LUSK,(1989). *Youth Homelessness street Children of Juarez* : A Field Study in the British journal of Social Work.

Muchini, b. (1994). *Morality and Street Children in Harare*. Thesis submitted in fulfillment of the requirements for the Master of Philosophy Degree in Psychology at the University of Zimbabwe

Pradhan, G., (1990), Street children of Kathmandu: Lostchildhood, pp I – 11

Rizzini. I.(1995*). Children in the streets: Latin America ‟s lost generation. Children and Youth Services Review*. 17. (3) 391-410

Society of Aware Student.(2010). "*Facts about Street Children''*. SAS Journal. Sept-Oct,2010. Kathmandu : SAS

TACON,P,(1985). *A Unicef response to the needs of abandoned and street children*, unpulblished. Geneva: UNICEF.

Tufail P. (2005). *Situational analysis of street children education for all. policy review and best practices studies on basic NFE for children living and/or working on the streets in Pakistan*. AMAL In association with UNESCO. Retrieved March 29, 2010, from http://cfsc.trunky.net/_uploads/Publications/1_situational_analysis.pdf

.Thapaliya,B.(2011). *‘The Pathetic Reality of Street Children in Nepal’*. (Ed). *GlobalPolitician.*Anonlinejournal, 2011-11-30. http://www.globalpolitician.com

.UNESCO. (2006). *Street children and HIV&AIDS, Barcelona*. Spain: UNESCO

UNESCO. (2007). *Resource pack improving learning opportunities for street children*. Philippine: UNESCO.

UNICEF(2009). *Situation analysis of street children in Nepal II*. Nepal Country Office: UNICEF.

UNICEF.(1996). *Situation analysis of Street Children in Nepal*, Child welfare Society.

Wakatama,Markim(2007).*The situation of street children in zimbabwe:A violation of the United Nations Convention on the Rights of the Child.*School of Social Work University of Leicester.

*(HTTP://WWW.Child.Nepal.Com//*

www.cwin.org.np

नेपाल बालमजदुर सरोकार केन्द (२०४७) । *सडक बालक बढदो सामाजिक समस्या बाल सरोकार ।* काठमान्डौ : नेपाल बालमजदुर सरोकार केन्द

महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय (२०६८) । *नेपालमा बालबालिकाको स्थिति* । काठमाडौं : नेपाल सरकार ।

सिविन (२०७१) । नेपालमा श्री ५ को सरकार, केन्द्रिय तथ्याकं विभाग २००२, *जनसंख्या तथ्याकं २००१,* काठमान्डौ, केन्द्रिय तथ्याङ्क विभाग नेपाल ।

नेपाल बालमजदुर सरोकार केन्द (१९९६) । *नेपालको बालबालिकाको अवस्था,* काठमान्डौ : नेपाल बालमजदुर सरोकार केन्द ।

# सर्वेश्रणमा सडक बालबालिकाहरुको लागि प्रश्नहरु

**श्रेणि कम**..................

**ठाउँ :** .................................

१) नाम :........................................................................

२) उमेर : ........................................................................

३) लिगं : पुरुष / महिला : ..................................................

४) जात : ..................................................................

५) ठेगाना : ............................................................

६) परिवार : छ / छैन : ..................................................

७) सौतेनि बाबु: छ / छैन : ..................................................

८) सौतेनि आमा : छ / छैन : ...........................................

९) तपाईको परिवारमा कति संख्या रहेको छ ?

क) ५ जना भन्दा कम    ख) ५ जना देखि ७ जना सम्म

ग) ८ जना देखि १० जना सम्म    घ) १० जना भन्दा बढी

१०) तपाईको आमा, बाबु हाल घरमा छ कि छैन ?

क) दुवै रहेको छ    ख) बाबुको मृत्यु भएको

ग) आमाको मृत्यु भएको    घ) दुवैको मृत्यु भएको

११) तपाईको अविभावकले शैक्षिक अवस्था कस्तो किसिमको रहेको छ ?

क) निरक्षर   ख) साक्षर

ग) प्राथमिक   घ) नि.मा.वि.

ङ) मा.वि.   च) एस.एल.सि

१२) परिवारको आकार :

अ) एकल परिवार   आ) संयुक्त परिवार

१३) के तपाई परिवार संगको सम्पर्कमा हुनुहुन्छ ? छ / छैन

१४) यदि सम्पर्कमा छ भने कहिले कहिले घर जानुहुन्छ ?..................................

१५) परिवारको आयस्रोत

अ) कृषि   आ) ज्यालादारी

इ) व्यापार   ई) अन्य

१६) शिक्षित / अशिक्षित

अ) यदि शिक्षित हो भने कति तह सम्म अध्ययन गरेको हो ?

आ) स्कुल छोडेको हो भने किन ?

क) परिवारको लापरवाहि

ख) गरिबि

ग) ईच्छा नभएर

घ) परिवारको मृत्यु भएर

ध्र) बिधालय नभएर

च) अन्य

१७) के तपाईले घर छोडनुभएको हो ? हो / हैन

अ) यदि हो भने कहिले छोडेको हो ?

आ) घर किन छोडेको हो ?

क) परिवारको नराम्रो व्यबहारले

च) सहरमा काम गरेर पैसा कमाउ

ख) बिधालय जाने अवसर नपाएर

छ) घरमा खान नपुगेर

ग) परिवारको मृत्यु भएर

ज) साथिको लहेलहैमा

घ) परिवारले छोडेर

ज) अन्य

ध्र) सहर हेर्ने रहर

१८) तपाई के काम गर्नुहुन्छ ?

अ) माग्ने

आ) होटलमा काम गर्ने

इ) चोर्ने

ई) खलासि गर्ने

उ) फोहोर मैला उठाउने

उ) गाडि  सफ ागर्ने

ए) अन्य

१९) अहिले गरिरहेको काममा खुसी हुनुहुन्छ ? छ / छैन

अ) यदि छ भने किन ?................................

आ) यदि छैन भने किन ?................................

२०) यो काम खोज्न कसैले सहयोग गरेको थियो ? थियो / थियन

अ) यदि थियो भने कसले सहयोग गरेको थियो ?

क) परिवार

ख) साथि

ग) पर्यटक

घ)अंकल

ध्र) कोहि चिनेको मान्छे

२१) एक दिनमा कति कमाउनु हुन्छ ?.............................

२२) के आफुलाई चाहिने जति कमाउनु हुन्छ ?................................

२३) आफुले कमाएको बाट कति बचाउनु हुन्छ ?............................

२४) आफनो घरमा पैसा पठाउनु हुन्छ ?..............................

२५) बढि पैसा कमाउनु पर्यो भनै कहा जानुहुन्छ ?................................

२६) पैसा नभएको दिन कसले सहयोग गर्छ ?................................

२७) यदि कपडा चाहिएमा कहा जानुहुन्छ ?

अ) परिवार आ) भाई, बहिनि

इ) साथि ई) पर्यटक

उ) होटल मालिक उ) कुनै संस्थाहरु

ए) अन्य

२८) अहिलेसम्म कतै दुर्व्यबहार मा परैको छ ? छ / छैन

अ) यदि छ भने को बाट ?

क) स्थानिय मान्छे बाट

ख) पर्यटक बाट

ग) प्रहरी बाट

घ) अन्य

२९) कस्तो प्रकारको दुर्व्यबहार मा परेको छ ?

अ) सामान्य गालि गलौच

आ) यौन शोषण

इ) थाहा छैन

ई) अन्य

३०) तपाई यसरी सडकमा आउनुको कारण के हुन सक्छ ?

क) काम गरेर पैसा कमाउन

ख) पढ्नको लागि

ग) परिवारलाई औषधि उपचार गर्न

घ) घरायसी झगडा

ङ) शहर हेर्ने रहर भएर

३१) के तपाईलाई पढन मन पर्छ ?

३२) भबिष्यमा के गर्न चाहानुहुन्छ ?

**समय दिएकोमा धन्यबाद**